# (CHAPTER - ONE)

## अध्याय – एक

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि ( Background of the Study)

आर्थिक विकासलाई प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने माध्यम उद्योग धन्दा हो । कृषि क्षेत्रमा रहेको जनभार तथा अदृष्य बेरोजगारीलाई कम गर्न उद्योग धन्दाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पूँजीको अभाव, यातायात तथा सञ्चारको कमी आदि कारणहरुले ठूला उद्योगहरु स्थापना हुन कठिन हुने भएकोले विकासोन्मुख देशहरुमा घरेलु उद्योगको महत्वपूर्ण भुमिका रहेको हुन्छ । थोरै लगानीमा स्थानीय स्रोत र साधनको प्रयोग गरि घरेलु उद्योगहरु सञ्चालन गर्न सकिन्छ (धिताल, २०६४) ।

उद्योग भन्नाले कच्चा पदार्थको प्रयोग गरि त्यसलाई प्रशोधन गरेर वस्तु उत्पादन गर्ने कार्यलाई बुझिन्छ । उद्योगधन्दाको वर्गीकरण विभिन्न आधारमा गरिन्छ । उद्योगमा लगानी गरिने पुँजीको आधारमा नेपालमा लघु, घरेलु, साना, मझौला, ठूला उद्योग आदि विभिन्न श्रेणीमा विभाजन गर्ने गरिएको छ । मझौला तथा ठूला उद्योगहरुमा बढी मात्रामा उत्पादनका साधनहरु प्रयोग गरेर उत्पादन पनि बढी मात्रामा गरिन्छ भने लघु तथा घरेलु उद्योगमा उत्पादनका साधनको प्रयोग थोरै मात्रामा गरेर उत्पादन पनि कम मात्रामा गरिन्छ । नेपालमा आर्थिक तथा भौगोलिक दृष्टिकोणबाट ठूला उद्योगहरुको सञ्चालन गर्न चुनौतीपूर्ण तथा कठिनाइ रहेको छ । तसर्थ थोरै पुँजी लगानीमा देशको जुनसुकै भौगोलिक विविधतामा संचालन गर्न सकिने लघु तथा घरेलु उद्योगको नेपालमा महत्वपूर्ण स्थान छ (राई, २०६२) ।

कुनै पनि अर्थतन्त्रको विकासका लागि उद्योगधन्दाको स्थापना र सञ्चालनलाई आवश्यक मानिन्छ । खासगरेर नेपालजस्तो कृषिप्रधान अर्थतन्त्रको प्रगति उद्योग विना असम्भव छ । औद्योगिकीकरणकै माध्यमबाट देशको तीब्र आर्थिक विकास हुन्छ भन्ने तथ्यलाई आज विकसित देशहरुले प्रमाणित गरिसकेका छन् । त्यसैले यसकै माध्यमबाट मात्र नेपालमा ब्यापार सन्तुलन कायम गर्न, रोजगारिका अवसर सिर्जना गर्न र राष्ट्रिय अर्थतन्त्रमा उद्योग

क्षेत्रको योगदान बढाउन सकिन्छ । परापूर्वकाल देखीनै नेपालमा सानातिना घरेलु उद्योगधन्दाहरु रहँदै आए पनि सन् १९३६ मा विराटनगर जुटमिलको स्थापना पश्चात् संगठित उद्योगको इतिहास प्रारम्भ हुन्छ । ७२ वर्षको लामो यात्रा पश्चात पनि नेपालमा उद्योगधन्दाको अपेक्षित विकास हुन सकेको छैन । परिणामस्वरुप आज पनि नेपाल अल्पविकसित राष्ट्रहरुको श्रेणीमा पर्दछ (मानन्धर, २०६६) ।

औद्योगिक ब्यवसाय ऐन सन् १९६१ अनुसार रु ५०,००० सम्म पुंजी लगानी भएको उद्योगहरुलाई साना उद्योग मानिएको थियो भने औद्योगिक ऐन १९७४ अनुसार रु १ लाख देखी रु १० लाख सम्म स्थिर पुँजी लगानी भएका उद्योगहरुलाई साना उद्योगको रुपमा राखिएको थियो । यसैगरि औद्योगिक नीति सन् १९८१ अनुसार २० लाख सम्म स्थिर पुँजी भएका उद्योगहरुलाई साना उद्योग भनि परिभाषित गरिएको थियो । औद्योगिक नीति सन् १९९२ का अनुसार रु १ करोड सम्मको स्थिर पुँजी लगानी भएका उद्योग र संशोधित औद्योगिक नीति सन् १९९७ का अनुसार रु ३ करोडसम्म स्थिर पुँजी लगानी भएका उद्योगहरु साना उद्योग हुने भनि परिभाषित गरिएको छ (मास्के, १९९९) ।

नेपालमा औद्योगिक विकासका लागि औद्योगिक ऐन २०४९ (शंसोधन २०५४) मा उच्च प्राथमिकता दिइएको छ । यसर्थ औद्योगिक ब्यवसाय ऐन २०४९ (शंसोधन २०५४) मा गरिएको उद्योगको परिभाषा अनुसार "घरेलु उद्योग भनेको ऐनको दफा २ (ख) ४ र अनुसूचि १ सँग सम्बन्धित श्रममुलक देशको परम्परागत कला संस्कृति सँग सम्बद्ध खास सिप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्न परम्परागत उद्योग र स्थिर पूँजी २ लाख र ५ किलोवाट सम्म विद्युतशक्ति प्रयोग गर्ने उद्योगहरु हुन् (राई, २०६२) ।

औद्योगिक नीति २०४९ अनुसार घरेलु तथा साना उद्योग भन्नाले परम्परागत लघु उद्योग, घरेलु उद्योग र साना उद्योगहरु हुन् । परम्परागत, घरेलु उद्योग भन्नाले हातेतान, खुट्टेतान, वासिंग, रंगाई र छपाई जस्ता कार्यहरु सिलाई, बुनाई, राडी पाखी, उनी गलैंचा, पश्मिना, उनी पोशाक, सिकर्मी, पेशागत कार्य, काठका कलात्मक वस्तु, वेत, निगालोका सामानहरु, मह, च्युरी अलैची प्रशोधन, वावियो, चोया, सूतीधागो, चित्रकला, धुप आदि साधन परिचालन गर्ने परम्परागत घरेलु उद्योग हो भने परम्परागत घरेलु उद्योग वाहेक रु १ करोड सम्मको स्थिर पूँजी लगानी भएको उद्योगलाई जनाउँछ (उद्योग मन्त्रालय, २०४९) ।

नेपाल सरकार औद्योगिक नीति २०६७ अनुसार लघु तथा घरेलु उद्योगलाई यसप्रकार परिभाषित गरिएको छ । "लघु उद्यम भन्नाले देहायका शर्त पुरा भएका ब्यवसाय सम्भनु पर्दछ - घरको जग्गाबाहेक बढीमा दुईलाख रुपैयाँसम्म स्थिर पुँजी लगानी हुने, उद्यमी स्वयं ब्यवस्थापनमा संलग्न रहेको, उद्यमी समेत ९ जनसम्म कामदार रहेको र इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता १० किलोवाट भन्दा कम भएको ।" स्पष्टीकरण : माथि उल्लेखीत शर्तहरु पुरा गरेता पनि अनुमति लिनुपर्ने उद्योग ब्यवसाय, मदिरा, वियर, चुरोट, बिंडी वा अन्य सूर्तीजन्य वस्तु उत्पादन वा प्रयोग हुने ब्यवसायलाई लघु उद्यम मानिने छैन । त्यसैगरि लघु उद्यम व्यवसायको रुपमा दर्ता भएका उद्यमले अन्य उद्योगका रुपमा स्तरोन्नती गरेको सो उद्यम लघु उद्यमको वर्गमा रहने छैन । त्यसैगरि परम्परागत तथा घरेलु उद्योग भन्नाले "परम्परागत सीप र प्रविधिमा प्रयोग गर्ने स्थानिय कच्चा पदार्थ एवं स्थानिय प्रविधिमा आधारित औजार उपकरण उपयोग गर्ने, देशको कला र संस्कृति सँग सम्बद्ध र १० किलोवाट सम्म विद्युत शक्ति प्रयोग गर्ने उद्योगहरुलाई बुभिन्छ ।" उदाहरणको लागि सेरामिक्स तथा माटाका भाँडाकुँडा, सुन, चाँदी, फलाम, तामा, पित्तल, काँस, ढलोट, सिल्भर, छाला आदिबाट हस्तनिर्मित भाँडा वर्तन तथा हस्तकलाका सामानहरु, परम्परागत मुर्तिकला, थाङ्काचित्र र अन्य परम्परागत चित्रकला, मुकुण्डो, पुतली, खेलौना आदि जस्ता उद्योगहरु लघु तथा घरेलु उद्योगहरु हुन् । त्यस्तै साना उद्योग भन्नाले परम्परागत घरेलु उद्योग वाहेक रु ३ करोड रुपैंया सम्म स्थिर जेथा भएको उद्योगहरु हुन् (नेपाल सरकार उद्योग मन्त्रालय, २०६७) ।

नेपाल जस्तो विकासोन्मुख देशमा लघु तथा घरेलु उद्योगको धेरै महत्व रहेको छ । राष्ट्रिय उत्पादन र आय बृद्धि गर्न, रोजगारीका अवसरहरु अधिकतम रुपमा सिर्जना गर्न, स्थानिय कच्चा पदार्थहरुको सदुपयोग गर्न, विदेशी मुद्रा आर्जन गर्न, कम पुँजीमा ब्यवसाय सञ्चालन गर्न, आन्तरिक आवस्यकता परिपूर्ति गर्न एवं स्थानिय सीप र प्रविधिको विकास गर्न यसको महत्वपूर्ण भुमिका रहेको छ (राई, २०६२) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

बहुसंख्यक नेपालीकहरुको जीवननिर्वाहको स्रोत कृषि रहेको छ । कृषी क्षेत्रले देशको आधाआधी राष्ट्रिय आम्दानीको हिस्सा ओगटेको छ । तर यस क्षेत्रमा परम्परागत प्रवृत्ति र

पछौटेपनहरु रहेकोले नेपालले सोचेजस्तो आर्थिक विकास गर्न सकेको छैन । किनकी यहाँ एकातिर गरिबीको कुचक्र छ भने अर्कोतिर अधिकतम बेरोजगारीको समस्या, कृषीक्षेत्रबाट प्राप्त आम्दानीलाई शिक्षाक्षेत्रमा लगानी गर्न पर्याप्त नहुनु जस्ता प्रमुख समस्याहरु रहेका छन् । यसप्रकार कृषी क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै बढ्दो बेरोजगारी तथा ब्यापक गरिबीलाई न्युनिकरण गर्न शिक्षा क्षेत्रमा लगानी बढाउन लघु तथा घरेलु उद्योगको योगदान अग्रपंक्तिमा रहेको छ  (राई, २०६२) ।

भौगोलिक वनावट अनुसार नेपालमा मझौला तथा ठूलो उद्योगको सम्भावना प्रशस्त भएपनि सो उद्योगहरु सञ्चालन गर्नको लागि ठूलो मात्रामा लगानी आवश्यक पर्दछ तर नेपाल गरिब तथा विकासोन्मुख देश भएको कारण ठूलो उद्योगमा लगानी गर्न नसक्ने भएको हुँदा नेपालको आर्थिक विकासको मेरुदण्डको रुपमा घरेलु तथा साना उद्योगहरु नै रहेका छन् ( श्रेष्ठ, २०६२) ।

देशको समग्र आर्थिक विकासको लागि विभिन्न औद्योगिक क्षेत्रको विकास हुन महत्वपूर्ण छ । आर्थिक विकासको मेरुदण्डको रुपमा परिचित घरेलु उद्योगको वर्तमान अवस्थामा धेरै समस्याको सामना गर्नु परिरहेको छ । जसमध्ये घरेलु उद्योगका लागि कच्चा पदार्थको प्रमुख समस्या, आधुनिक यन्त्रको अभाव, दक्ष जनशक्ति नहुनु, सरकारी स्पष्ट नीतिको अभाव इत्यादि समस्याका कारण घरेलु उद्योग फस्टाउन सकेको छैन (मानन्धर, २०६६) ।

नेपालमा लघु तथा घरेलु उद्योगहरुले वर्तमान समयमा धेरै समस्याहरु भोग्नु परेको छ । यस्ता उद्योगहरुको लागि कच्चापदार्थहरु स्थानियस्तरमा पर्याप्त नभएकोले उद्योग सञ्चालन गर्न गाह्रो भएको छ । त्यस्तै कच्चा पदार्थहरु आयात र निर्यात गर्दा ढुवानी खर्च बढी लाग्नाले उत्पादित वस्तु महङ्गो हुन गई बजारमा प्रतिस्पर्धा कमजोर रहेको छ । यस्ता उद्योगहरुबाट उत्पादित वस्तुहरुको गुणस्तर कमजोर हुनाका साथै त्यस्ता वस्तुहरुको आधुनिक जीवनशैलीसँगै सिर्जित मागहरुलाई आकर्षण गर्न समेत सकिरहेका छैनन् (राई, २०६२) ।

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य घरेलु तथा साना उद्योगले उद्यमी तथा श्रमिकहरुको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेका प्रभावको विश्लेषण गर्नु हो । यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. घरेलु तथा साना उद्योगहरुको वर्तमान अवस्थाको पहिचान गर्नु ।

२. घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकको पारिवारीक आर्थिक तथा शैक्षिक अवस्था पत्ता लगाउनु ।

३. घरेलु तथा साना उद्योगहरुमा संलग्न उद्यमी तथा श्रमिकहरुको समस्या समाधानका उपायहरु प्रस्तुत गर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्न (Research Questions)

घरेलु तथा साना उद्योगहरुले ठूला उद्योगहरुका आधुनिक मेसिनहरुको प्रयोगबाट उत्पादित वस्तुहरुसँग प्रतिस्पर्धा गर्न नसकेर विभिन्न समस्याहरु भोल्दै आएका छन् । त्यस्तै अशिक्षा, ब्यापक गरिबी, बजारको अभाव आदि जस्ता कारणहरुले पनि घरेलु तथा साना उद्योगहरुले विभिन्न समस्याहरु भोग्दै आएको पाइन्छ । प्रस्तुत अध्ययनमा निम्न समस्यागत प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिने छ :

१. अध्ययन क्षेत्रभित्र सञ्चालित घरेलु तथा साना उद्योगहरुको वर्तमान अवस्था कस्तो रहेको छ ?

२. अध्ययन क्षेत्रभित्र सञ्चालित घरेलु तथा साना उद्योगहरुका उद्यमीहरुको पारिवारीक आर्थिक तथा शैक्षिक अवस्था कस्तो रहेको छ ?

३ अध्ययन क्षेत्रभित्र सञ्चालित घरेलु तथा साना उद्योगहरुका श्रमिकहरुको पारिवारीक आर्थिक तथा शैक्षिक अवस्था कस्तो रहेको छ ?

४. अध्ययन क्षेत्रभित्र सञ्चालित घरेलु तथा साना उद्योगका उद्यमी तथा श्रमिकहरुले के कस्ता समस्याहरु भोग्नु परेको छ ?

५. सञ्चालित उद्योगहरुमा संलग्न उद्यमी तथा श्रमिकहरुले भोग्नु परेका समस्याहरुका समाधानका उपायहरु के के हुन् ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन र पुँजीगत सम्पतिको उपयोग गरि जनताको प्रतिव्यक्ति आय र जीवनस्तर उच्च गर्दै देशको आर्थिक विकास गर्न घरेलु उद्योगको योगदान महत्वपूर्ण रहेको छ । श्रोत, साधन, शीप, कला भएपनि मानिसहरुको आर्थिक अवस्था कमजोर छ भने दैनिक नगद आयस्तर पनि न्युन हुने हुँदा बचतमा कमी हुने गर्दछ । त्यसैले उनीहरु स्वयं आफ्नो आयमा बृद्धि गर्न ठूला उद्योगहरु सञ्चालन गर्न असमर्थ हुन्छन् । उनीहरुको जीवनस्तर उच्च बनाउन र उक्त क्षेत्रको गरिबी, बेरोजगारी निवारण गर्न घरेलु उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नु अत्यन्तै महत्वपूर्ण मानिन्छ । यी उद्योगहरुले देशको आर्थिक सामाजिक तथा शैक्षिक विकासमा पनि उल्लेखनीय भूमिका निर्वाह गरेका हुन्छन् (पौडेल तथा पौडेल, २०६८) ।

विश्वको हाल उच्च प्रतिब्यक्ति आम्दानी तथा बढी उत्पादन गर्न सफल राष्ट्रको मुल आधार नै औद्योगिक विकास हो । उनीहरुको कुल राष्ट्रिय आम्दानीमा कृषिको स्थान गौण हुन पुगिसकेको छ । औद्योगिक पर्याप्तताले गर्दा आर्थिक विकासको दर पनि बढिरहेको छ । विकसित देशको लागि मात्र नभएर कम विकसित देशको सन्दर्भका पनि औद्योगिक विकासको त्यत्तिकै महत्व रहेको छ । नेपालको अर्थतन्त्र मूलतः कृषिजन्य भएतापनि औद्योगिकीकरणको महत्व कम छैन (लुइटेल, २०६२) ।

नेपालको विशेषगरि ग्रामिण क्षेत्रमा घरेलु तथा साना उद्योगहरुको स्थिति कस्तो छ ? उद्यमशिलताले ब्यक्ति तथा परिवारको आर्थिक तथा शैक्षिक स्थितिमा कस्तो प्रभाव पारेको छ ? यस क्षेत्रमा रहेका समस्याहरुलाई कसरी हल गर्न सकिन्छ भन्ने सवालमा प्रस्तुत अध्ययन प्रभावकारी हुनेछ । समग्रमा यस अध्ययनको महत्वहरुलाई निम्न बुदामा उल्लेख गर्न सकिन्छ ।

१. घरेलु तथा साना उद्योगमा संलग्नताले उद्यमीहरुको परिवारको आर्थिक तथा शैक्षिक अवस्थामा पार्ने प्रभाव प्रति सचेत गराउन ।
२. समयानुकुलको हावापानी, जैविक विविधता र प्राकृतिक स्रोतहरुलाई सदुपयोग गरि घरेलु तथा साना उद्योग स्थापना गर्न ।
३. लघु तथा घरेलु उद्योग प्रति जनतालाई आकर्षित गराई लगानीमा बृद्धि गर्न ।
४. घरेलु तथा साना उद्योग सञ्चालन गर्ने उद्यमीहरुलाई उद्योग सञ्चालन गर्दा आइपर्ने समस्याहरुको समाधानको उपायहरु पहिचान गर्न ।

५. घरेलु तथा साना उद्योगहरुले स्थानिय मानिसहरुको रोजगारी सिर्जनामा खेलेको भुमिकाको अध्ययन गर्न ।

६. घरेलु तथा साना उद्योगसँग सम्बन्धित उद्यमी, अनुसन्धानकर्ताहरु, संघसंस्थाहरु, सरकार, नीतिनिर्माताहरु तथा कार्यान्वयनकर्ताहरुलाई सहयोग पुऱ्याउन ।

## १.६ अध्ययनको सीमा ( Limitation of the Study)

कुनै पनि अध्ययन कार्यको आ-आफ्नै सीमा हुन्छन् । अध्ययन कार्य एउटा निश्चित सीमा भित्र रहेर मात्र सम्पन्न गरिनु पर्ने वाध्यता हुन्छ । यस अध्ययनको आफ्नै प्रकारका क्षेत्र तथा सीमाहरु छन् । जुन निम्न रुपमा उल्लेख गर्न  सकिन्छ ।

१. यो अध्ययनको क्षेत्र झापा जिल्लाको दुहागढी गाँउ विकास समिति अन्तर्गत रहेका घरेलु तथा साना उद्योगहरु रहेका छन् ।

२. यस अध्ययनमा घरेलु तथा साना उद्योगमा काम गर्ने उद्यमी तथा श्रमिकहरुलाई मात्र समावेश गरिएको छ ।

३. यो अध्ययन घरेलु तथा साना उद्योगमा कार्यरत उद्यमी तथा श्रमिकहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्था तथा उनीहरुको वालवालीकाको शैक्षिक अवस्थाको विश्लेषणमा मात्र सीमित रहेको छ ।

४. यस अध्ययनमा तथ्यांक संकलन गर्नका लागि समय र श्रोतलाई सीमित गरिएको छ ।

५. यस अध्ययनमा तथ्यांक संकलन गर्दा प्रश्नावली, अवलोकन, खुल्ला अन्तरवार्ता जस्ता साधनरुको प्रयोग गरिएको छ ।

६. प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षलाई पुरा देशको सन्दर्भमा सामान्यीकरण गर्न सकिने छैन ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई निम्न रुपमा संगठित गरिएको छ । पहिलो भागमा परिचय खण्ड रहेको छ जसअन्तर्गत पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व तथा अध्ययनका सीमाहरु, अध्ययनको संगठन र मुख्य शब्दावलीको परिभाषाहरु रहेका छन् । दोस्रो भागमा सम्बन्धित विषयवस्तुको सन्दर्भ, विश्लेषण र साहित्यको पुनरावलोकन रहेका

छन् । तेस्रो भागमा अनुसन्धान विधि रहेको छ । चौथो भागमा अध्ययनक्षेत्र बाट संकलित तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण रहेको छ भने, पाँचौ भागमा अध्ययनको शारांश, निष्कर्ष र सुझावहरु रहेका छन् । यसरी यो अध्ययनलाई ५ वटा भागमा विभाजन गरी संगठित गरिएको छ ।

## १.८ मुख्य शब्दावलिको परिभाषा (Operation Definition of key Terms)

उद्योग : मेसिन तथा औजारहरुको प्रयोग गरी बनाइएको घर जहाँ वस्तुहरु उत्पादन गर्ने काम गरीन्छ ।

उद्यमी : उद्योग मालिक, उद्योग सञ्चालन गर्ने ब्यक्ति

श्रमिक : उद्योगमा काम गर्ने कामदार

साक्षर : पढ्न लेख्न जान्ने ।

निरक्षर : पढन लेख्न नजान्ने ।

सरकारी विद्यालय : सरकारको सम्पतिबाट स्थापित र संचालित विद्यालय ।

निजी विद्यालय : व्यक्तिगत सम्पतिबाट स्थापित र संचालित विद्यालय ।

लगानी : उद्यमीले उद्योगको स्थापना र सञ्चालन गर्नका लागी प्रयोग गरेको पुँजी

बचत : आम्दानीबाट खर्च घटाइ बाकी रहेको रकम

बजार : उत्पादित वस्तुहरु विक्री गर्ने ठाउँ

# CHAPTER : TWO

# अध्याय : दुई

## २. सन्दर्भ साहित्यको पुनरावलोकन (Review of Related Literature)

अुनसन्धान प्रस्तावनाको यस परिच्छेदमा आफ्नो अनुसन्धान विषयसँग सम्बन्धित विभिन्न प्रकाशित तथा अप्रकाशित लेख, रचना, तथा साहित्यहरुको पुनरावलोकन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Theoritical Literature)

औद्योगिक नीति, (२०४९) काअनुसार नेपालमा औद्योगिकरणको गतिलाई तीव्रता ल्याउन घरेलु तथा साना उद्योगको विकासलाई उच्च प्राथमिकता दिएको छ । सरकारले अंगिकार गरेको औद्योगिक नीतिको कार्यान्वयकनका लागि उपयुक्त औद्योगिक वातावरणको सिर्जना गर्न औद्योगिक ब्यवसाय ऐन, २०४९ कार्यान्वयनमा रहेको छ । औद्योगिक नीतिले अंगिकार गरेको तथा औद्योगिक ब्यवसाय ऐनद्धारा ब्यवस्थित घरेलु तथा साना उद्योग सम्बन्धि कार्यहरु संचलन गर्ने जिम्मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगतको घरेलु तथा साना उद्योग विभागले निर्वाह गर्दै आएको छ । घरेलु तथा साना उद्योग विभागको साविक संगठन संरचनामा समसामयिक परिवर्तन हुँदै मौजुदा स्वरुप कायम रहेको छ । घरेलु तथा साना उद्योग विभागले अधिराज्यको ७५ जिल्लामा घरेलु तथा साना उद्योग प्रशासन सम्बन्धी कार्य र अधिराज्यका २७ जिल्लामा घरेलु तथा साना उद्योग प्रवर्द्धन सम्बन्धि कार्यहरु समेत गर्ने गरि कार्य तोकिएको छ ।

राष्ट्रिय योजना आयोग, (२०६८) काअनुसार मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधारस्तम्भको रुपमा औद्योगिक विकास रहेको हुन्छ । कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै विद्यमान बेरोजगारी, अर्ध बेरोजगारी तथा गरिबी कम गर्न औद्यागिकीकरणको महत्वपूर्ण भुमिका रहेको हुन्छ । ग्रामिण क्षेत्रमा कृषि एवं स्थानीय साधन स्रोतमा आधारित उद्योग तथा शहरी क्षेत्रमा औद्योगिक क्षेत्रहरुको स्थापना र विकास गरि राष्ट्रको औद्योगिकीकरणमा टेवा पुर्‍याउनु आजको प्रमुख आवस्यकता रहेको छ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, स्रोत साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनको मार्ग प्रसस्त गर्ने, औद्योगिक क्षेत्रमा नीजि स्वदेशी तथा

बैदेशिक लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधार निर्माण गर्दै लैजाने, निर्यात प्रवर्द्धनमा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरुको प्रबर्द्धनको माध्यमबाट गरिबी न्युनिकरण गर्नेतर्फ योजनाको जोड रहने छ ।

अर्थ मन्त्रालय, (२०६९) काअनुसार घरेलु तथा साना उद्योग ब्यवसायको प्रवर्द्धन एवं विकास गर्नका लागि मागमा आधारित तथा अपांग, पिछडिएका वर्ग, दलित, जनजाती द्वन्द्ध पिडीत एवं महिलाको उत्थानको विकासका लागि आवस्यक शिप विकास, उद्यमशिलता विकास तालिम, प्राविधिक परामर्श, कर्जा प्रवाह एवं सुचना संप्रेषण जस्ता कार्यक्रमहरु एकिकृत रुपमा सञ्चालन गरिएका छन् । ई-गर्भनेन्सको अवधारणा अनुरुप जनतालाई छिटो छरितो पारदर्शि तथा गुणस्तरीय रुपमा सेवा पुऱ्याउने लक्ष्यका साथ घरेलु तथा साना उद्योगका कार्यलयहरुमा अनलाइन सर्भिसको तयारी गरिएको छ । विश्व ब्यापार संगठनमा नेपालको प्रवेश सँगै घरेलु तथा साना उद्योगको विस्तार एवं प्रवर्द्धन गरि अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन प्रविधि, सेवा, क्षमता विकास, वजार पहुँच र अन्य पूर्वाधारहरुमा संस्थागत टेवा पुऱ्याउन लघु घरेलु तथा साना उद्योग विकास कोषको स्थापना गरी निजी क्षेत्रका छाता संगठनहरु सँगको समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

मास्के, (२००२) काअनुसार नेपालको कुल २२.९ मिलियन जनसंख्याको ४२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेको, ८०% भन्दा बढी जनसंख्या कृषि क्षेत्रमा आश्रित रहेको, कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रका योगदान ४१.०२ प्रतिशत र उद्योग क्षेत्रको योगदान ९.२२ प्रतिशत मात्र रहेको छ । औद्योगिक ब्यवसाय ऐन, २०४९ ले घरेलु तथा साना उद्योगको विकासका लागि प्रदान गरिएका सेवा, सुविधा तथा सहुलियतहरुको वारेमा रुग्ण उद्योगहरुलाई मेसिनरी आयातमा कर तथा शुल्क नलाग्ने घरेलु उद्योग स्थापना भएर सञ्चालन भएको ६ महिना समम दर्ता गर्न सकिने तथा नेपालमा दर्ता ब्यवस्था सरल एवं उदार भएको छ ।  औद्योगिक व्यवसाय ऐन २०४९ ले घरेलु उद्योगमा राखेका लक्ष्य तथा उद्देश्यहरु पुरा हुन नसकेको, आजको सूचना प्रविधिको फलस्वरुप विश्व बजारमा आउने तिब्र परिर्वन सँग हाम्रो देशका घरेलु उद्योगहरु  समायोजित हुन असजिलो भएको जस्ता समस्याहरु रहेका छन् ।

सुवेदी, (२०६९) काअनुसार विभिन्न क्षेत्रका प्रतिष्ठानहरुमा काम गर्ने कामदार तथा कर्मचारीहरुको हक, हित सुविधा र सुरक्षाको ब्यवस्था गरी श्रम सम्बन्धमा समायोचित व्यवस्था गर्ने उद्देश्यले नेपालमा श्रम ऐन, २०४८ कार्यान्वयनमा ल्याइएको छ । उक्त ऐनमा रोजगारी र सेवाको सुरक्षा, कल्याणकारी ब्यवस्था, विशेष प्रतिष्ठानको सम्बन्धमा लागु हुने विशेष प्रवाधानहरु, आचरण र सजाय, केन्द्रिय श्रम सल्लाहकार समिति (त्रिपक्षिय), श्रम सम्बन्ध समिति र श्रम अधिकृत लगायतका कर्मचारीहरुको काम कर्तब्य र अधिकारको व्यवस्था गरिएको छ । यसै गरी श्रम नियमावली २०५० मा रोजगारी र सेवा सुरक्षा, पारिश्रमिक र कल्याणकारी ब्यवस्था, स्वास्थ्य सफाइ र सुरक्षा सम्बन्धी ब्यवस्था, श्रम मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा केन्द्रिय श्रम सल्लाहकार समिति र समितिको काम कर्तब्य र अधिकार, श्रम सम्बन्ध समितिको काम कर्तब्य र अधिकार जस्ता प्रकृयागत व्यवस्था स्पस्ट गरिएको छ । श्रम ऐनको अतिरिक्त ट्रेड युनियन ऐन २०४९ र सो को नियमावली २०५० मा प्रतिष्ठान र प्रतिष्ठान बाहिरका विभिन्न उद्योग, ब्यापार, ब्यवसाय वा सेवामा काम गर्ने कामदार तथा स्वरोजगार गर्ने ब्यक्तिहरुको ब्यवसायिक तथा पेशागत हक हितलाई संरक्षण र संवर्द्धन गर्नका लागि ट्रेड युनियनको दर्ता, सञ्चालन र तत्सम्बन्धी अन्य आवस्यक ब्यवस्था गर्ने सम्बन्धमा कानुनी ब्यवस्था गरिएको छ ।

रेग्मी, (२०७०) काअनुसार नेपालमा दर्ता भएका घरेलु तथा साना उद्योगहरु मध्ये आधाभन्दा बढी सेवामूलक छन् । लगानीमा जोखीमको सम्भावना कम हुने भएकोले सेवा क्षेत्रमा उद्योग दर्ता हुने प्रबृत्ति बढ्दै गएको हो । यस्ता उद्योगहको नियमन गर्ने साना तथा घरेलु उद्योग विभागमा दर्ता भएका मध्ये ६० प्रतिशत उद्योग सेवामूलक रहेका छन् । विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष ६० प्रतिशत उद्योग सेवामूलक रहेका छन् । विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६९/७० मा दर्ता भएका १३ हजार ८ सय घरेलु तथा साना उद्योग मध्ये सेवामूलक उद्योगको संख्या ५ हजार ९ सय ९५ रहेको छ । नेपालमा हालसम्म २ लाख ६ हजार ७ सय ५८ साना तथा घरेलु उद्योग दर्ता भएको तथ्याङ्क छ । उत्पादनमुलक उद्योगबाट प्रतिफल आउन ढिलो हुने भएकोले पनि सेवामूलकमा आकर्षण बढेको नेपाल घरेलु तथा साना उद्योगले जनाएको छ । कम जनशक्ति तथा लगानीमा सञ्चालन गर्न सकिने भएकोले तुलनात्मक रुपमा यस्ता उद्योगको दर्ता बढी भएको हो । यसबाहेक लगानी सूरक्षाको हिसाबले पनि सेवामूलक उद्योग राम्रो मानिन्छ ।

उत्पादनमूलक उद्योगबाट उत्पादित वस्तुले आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न गाह्रो हुने भएकोले पनि उद्योगीहरु सेवामूलक उद्योगतर्फ आर्कित हुन थालेका छन् ।

## २.२ पूर्व अध्ययनको पुनरावलोकन (Review of Empirical Literature / Previous Studies)

अर्याल, (२०६९) काअनुसार लघु तथा घरेलु उद्योगका उद्यमीहरुले परम्परागत तथा आधुनिक दुवै किसिमका औजारहरुको प्रयोग गरि उत्पादन गर्ने गरेको, आर्थिक रुपले सक्रिय जनसंख्याहरु लघु तथा घरेलु उद्योगतिर आकर्षित रहेको, यसमा संलग्न मानिसहरुलाई जीविकोपार्जन गर्नका लागि सहज पुगेको छ । उहाँले लघु तथा घरेलु उद्योगले रोजगारी र शिक्षामा पारेको प्रभावको सम्बन्धमा गर्नुभएको अध्ययनमा काठमाण्डौ जिल्ला अन्तर्गत दक्षिणकालि गा.वि.स. भित्र सञ्चालित लघु तथा घरेलु उद्योगलाई समावेश गर्नु भएको छ । अनुसन्धानकर्ताले लघु तथा घरेलु उद्योगको सञ्चालनले ब्यक्ति तथा परिवारको रोजगारी र शिक्षामा पारेको प्रभावको पहिचान गर्नुलाई मुख्य उद्देश्यको रुपमा राख्नु भएको छ । त्यस्तैगरि पुंजीको अभाव, आयातित वस्तुहरुसँग प्रतिस्पर्धा, सरल ऋणको अभाव जस्ता समस्याहरु भोग्नु परेको छ भने यसलाई समाधान गर्न सरकारी तथा गैह्रसरकारी सम्बन्धित निकायहरुले ब्यवहारिक रुपमा प्रभावकारी कदम चाल्नु पर्ने कुरा बताइएको छ । सरल ऋण सुविधा, तालिमको ब्यवस्था, ब्यापक विज्ञापन तथा प्रचार प्रसार हुनुपर्ने जस्ता सुझावहरु अनुसन्धानकर्ताले दिएका छन् । यसप्रकार लघु तथा घरेलु उद्योगहरुले खासगरि ग्रामिण स्वरोजगार तथा रोजगारीका अवसरहरु सिर्जना गरिरहेको छ र उद्योगको सञ्चालनले ब्यक्तिको आय आर्जन बृद्धि भई जीविकोपार्जन गर्न सहज हुनुको साथै शिक्षामा समेत लगानी बढ्न गइ सकारात्मक प्रभाव पार्दछ भन्ने कुरा शोधको निष्कर्ष रहेको छ ।

मानन्धर, (२०६६) का अनुसार लघु तथा घरेलु उद्योगहरु कम पूँजीबाट संचालन भइरहेको, उत्पादित वस्तुहरुको गुणस्तर कमजोर भई प्रतिस्पर्धात्मक क्षमतामा कमजोर रहेको शैक्षिक दृष्टिले हेर्दा उद्यमशिलतामा असंलग्नहरुको तुलनामा उद्यमी महिला घरपरिवारको शैक्षिक अवस्था राम्रो छैन । उहाँले लघु तथा घरेलु उद्योग संचालन गर्ने महिला उद्यमीहरुको आर्थिक तथा शैक्षिक अवस्था : एक अध्ययन, भन्ने विषयमा अध्ययन गर्नुभएको छ । उक्त सोधपत्रमा प्राथमिक तथा सहायक तथ्यांकको उपयोग गरि तथ्यांक तथा सूचनाहरु संकलन गरिएको छ । लघु तथा घरेलु उद्योग संचालन गर्न महिला उद्यमीहरुको उक्त उद्योगको

संचालनले उनीहरुको आर्थिक तथा शैक्षिक स्थितिमा परेको प्रभाव पत्ता लगाउनुलाई प्रमुख उद्देश्यको रुपमा यो अध्ययनले लिएको छ । उद्यमशील महिलाको तुलनामा  उद्यमशिलतामा नलागेकालाई शिक्षामा लगानी गर्न कठीनाई नपरेको भए तापनी उद्यमशील महिलाहरुको तुलनामा अलि कम खर्च  गर्ने गरेको, उद्योग सञ्चालनले महिलाहरु स्वावलम्बीपन तर्फ उन्मुख हुँदै जान थालेको, रोजगारी पाएकोले घरमा त्यत्तिकै वस्नु नपरेको, आय आर्जनमा बृद्धि भएको वालवालिकाको शिक्षामा लगानी गर्न तथा जीवनयापनमा सहज बनेको आदि जस्ता मुख्य निष्कर्षहरुलाई अनुसन्धानकर्ताले उल्लेख गर्नुभएको छ ।

सापकोटा, (२०६४) का अनुसार घरेलु तथा साना उद्योगमा संलग्न महिलाहरुले मासिक प्रतिब्यक्ति आम्दानी सामान्य रहेको, आर्थिक रुपले सक्रिय महिलाहरुमध्ये केहीले भएपनि घरेलु तथा साना उद्योगमा रोजगारी पाइरहेको आफ्नो आम्दानीको धेरैजसो रकम आफ्ना छोराछोरीका शिक्षाको लागि नै खर्च गर्ने गरेका छन् । उहाँले सुनसरी जिल्लाको महेन्द्रनगर गा.वि.स. लाई अध्ययन क्षेत्र बनाई घरेलु तथा साना उद्योगमा महिला रोजगार र यसले शिक्षामा पारेको प्रभाव शिर्षकमा आधारित भएर एक शोधपत्र तयार गर्नुभएको छ । वहाँले आफ्नो सोधपत्रमा घरेलु तथा साना उद्योगमा महिला कामदारहरुको रोजगारको मात्र र ज्यालाको दर पत्ता लगाउनु, वालवालिकाहरुको शिक्षामा गरेको खर्च प्रतिशत पत्ता लगाउनु, घरेलु तथा साना उद्योगमा संलग्न महिला श्रमिकहरुको आर्थिक तथा शैक्षिक स्थितिको विश्लेषण गर्नु आदिलाई आफ्नो अनसन्धानको मुख्य उद्देश्य बनाई अध्ययन गर्नुभएको छ । अध्ययनमा सम्पूर्ण महिला श्रमिकहरुले अनिवार्य रुपमा थोरै मात्र रकम भएपनि प्रत्येक महिना वचत गर्दै लगेको,  प्रायजसो श्रमिकहरुले आफ्नो कामलाई पेशाको रुपमा लिएका छन् आदि जस्ता निष्कर्षहरु अनुसन्धानकर्ताले दिनु भएको छ ।

धिताल, (२०६४) का अनुसार उद्यमीहरुको आम्दानी कृषकहरुको भन्दा तुलनात्मक रुपमा धेरै रहेको कृषि र उद्योग दुवै क्षेत्रबाट प्राप्त हुने आम्दानी पर्याप्त नभएकोले शैक्षिक लगानी कम हुन जाँदा शिक्षामा सकारात्मक प्रभाव पार्न नसकेको तर कृषकहरुको तुलनामा घरेलु तथा साना उद्योगमा संलग्न ब्यक्तिहरुको बालवालिकाको शैक्षिक अवस्था राम्रो रहेको छ उहाले कृषि र घरेलु तथा साना उद्योगमा संलग्न परिवारको आर्थिक तथा शैक्षिक स्थितिको तुलनात्मक अध्ययन गर्दा कुन क्षेत्रमा आर्थिक तथा शैक्षिक क्षेत्रमा प्रभाव राम्रो परेको छ भन्ने विषयमा आधारित रहेर अध्ययन गर्नुभएको छ । यस अध्ययनमा कृषि पेशामा र घरेलु

तथा साना उद्योगमा संलग्न हुने घरपरिवारको आर्थिक अवस्थाले वालवालिकाको शिक्षामा परेको प्रभावको विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

राई, (२०६२) काअनुसार अध्ययनमा घरेलु तथा साना उद्योगहरुले यातायातको सुविधाको अभाव, पूँजीको अभाव, श्रम शक्तिको अभाव, आदि समस्याहरु भोग्नु परेको छ । उहाँले उदयपूर जिल्लाको त्रियुगा नगरपालीकालाई अध्ययन क्षेत्र बनाई घरेलु तथा साना उद्योगले रोजगारी र शिक्षामा पारेका प्रभाव सम्बन्धमा अध्ययन गर्नुभएको छ । उद्योगका समस्याहरु समाधानका लागि सहुलियत ब्याजदरमा ऋणसुविधा उपलब्ध गराउनु पर्ने, बजारको उचित ब्यवस्था गर्नुपर्ने, शान्ती सुरक्षाको ब्यवस्था गर्नुपर्ने आधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने, श्रमिकको समस्या समाधान गर्नुपर्ने, उचित पारिश्रमिकको ब्यवस्था गर्नुपर्ने आदि सुझावहरु उहाँको अध्ययनमा दिइएको छ ।

तुम्वाहाम्फे, (२०६२) का अनुसार म्याग्लुङ्ग गा.वि.स. का कपडा बुन्ने अधिकांश महिलाहरु १५ देखी ४९ वर्ष उमेर समुहका र विवाहित भन्दा अविवाहित महिलाहरुको संख्या धेरै छ । त्यस्तै गरी आफ्नो कमाइबाट बचत हुन नसकेपनि ढाका कपडा उद्योगमा कार्यरत महिला श्रमिकहरु सन्तुष्ट नै देखिन्छन् । किनभने उनीहरुले पनि घरब्यवहारमा बावु, आमा तथा श्रीमान हरुलाई आर्थिक सहयोग गर्न पाएकोमा खुसी देखिन्छन् । उनीहरुमा देखापर्ने समस्याहरुमा समयमा ज्यला नपाउने, न्युन ज्यालादर, आवासको अभाव, औषधि उपचारको अभाव, श्रमिक प्रशिक्षण केन्द्रको अभाव, राम्रो काम गर्नेलाई पुरस्कार र सम्मानको अभाव आदि रहेको देखिन्छ । अध्ययन क्षेत्रका श्रमिक महिलाहरुको साक्षरताको स्थिति सन्तोषजनक देखिन्छ । किनकी निरक्षरको प्रतिशत केवल २७.५७% मात्र रहेको छ । लगभग आधा (४८.५७%) प्रतिशत महिलाहरु गरीबीकै कारणले ढाका कपडा उद्योगमा काम गर्न आएका छन् भने ७७.१४% कामदारहरुले ढाका कपडा बुन्ने कामलाई पेशाको रुपमा लिएका छन् । विभिन्न घरेलु तथा साना उद्योगमा कार्यरत नेपाली महिलाहरुका सम्बन्धमा हाल सम्म भएका अध्ययन अनुसन्धानहरुका वारेमा सान्दर्भिक ग्रन्थहरुको समिक्षा गर्नुभएको छ ।

## २.३ पुनरावलोकनको प्रस्तुत अध्ययनमा प्रभाव (Implications of the Review for the Study )

औद्योगिक नीति, २०४९ काअनुसार औद्योगिक नीतिले अंगिकार गरेको तथा औद्योगिक व्यवसाय ऐनद्धारा व्यवस्थित घरेलु तथा साना उद्योग सम्बन्धि कार्यहरु संचलन गर्ने जिम्मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगतको घरेलु तथा साना उद्योग विभागले निर्वाह गर्दै आएको छ । घरेलु तथा साना उद्योग विभागले अधिराज्यको ७५ जिल्लामा घरेलु तथा साना उद्योग प्रशासन सम्बन्धी कार्य र अधिराज्यका २७ जिल्लामा घरेलु तथा साना उद्योग प्रवर्द्धन सम्बन्धि कार्यहरु समेत गर्ने गरि कार्य तोकिएको छ । आर्थिक सर्वेक्षण, (२०६८/६९) मा उल्लेख भए अनुसार घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन एवं विकास गर्नका लागि मागमा आधारित तथा अपांग, पिछडिएका वर्ग, दलित, जनजाती, द्वन्द्व पिडीत एवं महिलाको उत्थानको विकासका लागि आवस्यक शिप विकास, उद्यमशिलता विकास तालिम, प्राविधिक परामर्श, कर्जा प्रवाह एवं सुचना संप्रेषण जस्ता कार्यक्रमहरु एकिकृत रुपमा सञ्चालन गरिएका छन् । घरेलु तथा साना उद्योगको विस्तार एवं प्रवर्द्धन गरि अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन प्रविधि, सेवा, क्षमता विकास, वजार पहुँच र अन्य पूर्वाधारहरुमा संस्थागत टेवा पुऱ्याउन लघु घरेलु तथा साना उद्योग विकास कोषको स्थापना गरी निजी क्षेत्रका छाता संगठनहरु सँगको समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

मास्के, (२००२) काअनुसार औद्योगिक व्यवसाय ऐन २०४९ ले घरेलु उद्योगमा राखेका लक्ष्य तथा उद्देश्यहरु पुरा हुन नसकेको, आजको सूचना प्रविधिको फलस्वरुप विश्व बजारमा आउने तिब्र परिर्वन सँग हाम्रो देशका घरेलु उद्योगहरु समायोजित हुन असजिलो भएको जस्ता समस्याहरु रहेका छन् ।

प्रधान, (२०७२) काअनुसार भौगोलिक बनावाटको अवस्थाले घरेलु तथा साना उद्योगबाट गरिएको उत्पादन एक जिल्लाबाट अर्को जिल्लामा समेत प्रबर्द्धन गर्न सकिएको छैन । देशका गाउँ गाउँमा र बस्ती बस्तीमा उत्पादित वस्तुको प्रचारप्रसार गराउन नसक्दा यस्ता उद्योगको प्रवर्द्धन हुन सकेका छैनन् । यस्ता उद्योगहरुले महँगो शुल्क तिरी उत्पादित वस्तुको विज्ञापन गर्न सक्ने अवस्था पनि छैन । प्रविधिसम्बन्धी जानकारी नुहँदा परम्परामुखी प्रविधिबाट सञ्चालित लघु, घरेलु तथा साना उद्योगहरुले सोचेजति प्रगति गर्न सकिरहेको

पाइदैन । प्रविधिको प्रयोगका लागी घरेलु तथा साना उद्योगीसँग पर्याप्त लगानी पनि हुँदैन त्यसो त सरकारले पनि सहज रुपमा प्रविधि ल्याउने वातावरण बनाउन सकेको छैन । यसका अलावा वित्तिय पहुँच, प्रविधिको अभाव, बजार पहुँचको अभाव, पूर्वाधारको कमी, औद्योगीक सूचनाको कमी, लोडसेडिङ् यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

अर्याल, (२०६९) का अनुसार आर्थिक रुपले सक्रिय जनसंख्याहरु लघु तथा घरेलु उद्योगतिर आकर्षित रहेको, यसमा संलग्न मानिसहरुलाई जीविकोपार्जन गर्नका लागि सहज पुगेको छ । त्यस्तैगरि पुँजीको अभाव, आयातित वस्तुहरुसँग प्रतिस्पर्धा, सरल ऋणको अभाव जस्ता समस्याहरु लघु तथा घरेलु उद्योगहरुले भोग्नु परेको छ भने यसलाई समाधान गर्न सरकारी तथा गैह्रसरकारी सम्बन्धित निकायहरुले ब्यवहारिक रुपमा प्रभावकारी कदम चाल्नु पर्ने कुरा बताइएको छ । उहाँले लघु तथा घरेलु उद्योगले रोजगारी र शिक्षामा पारेको प्रभावको सम्बन्धमा अध्ययन गर्नुभएको थियो ।

(मानन्धर २०६६) काअनुसार लघु तथा घरेलु उद्योग संचालन गर्ने महिला उद्यमीहरुको आर्थिक तथा शैक्षिक अवस्थाको बारेमा गरिएको अध्ययनमा लघु तथा घरेलु उद्योगहरु कम पूँजीबाट संचालन भइरहेको, उत्पादित वस्तुहरुको गुणस्तर कमजोर भई प्रतिस्पर्धात्मक क्षमतामा कमजोर रहेको, शैक्षिक दृष्टिले हेर्दा उद्यमशिलतामा असंलग्नहरुको तुलनामा उद्यमी महिला घरपरिवारको शैक्षिक अवस्था राम्रो नभएको, उद्योग सञ्चालनले महिलाहरु स्वावलम्बीपन तर्फ उन्मुख हुँदै जान थालेको, रोजगारी पाएकोले घरमा त्यत्तिकै वस्नु नपरेको, आय आर्जनमा बृद्धि भएको वालवालिकाको शिक्षामा लगानी गर्न तथा जीवनयापनमा सहज बनेको अध्ययनबाट पत्ता लागेको छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकन पश्चात अनुसन्धान अन्तर यस प्रकार रहेका छन् ।

अर्याल, (२०६९) ले लघु तथा घरेलु उद्योगले रोजगारी र शिक्षामा पारेको प्रभावको सम्बन्धमा गर्नुभएको अध्ययनमा काठमाण्डौ जिल्ला अन्तर्गत दक्षिणकालि गा.वि.स. भित्र सञ्चालित लघु तथा घरेलु उद्योगलाई समावेश गर्नु भएको छ । अनुसन्धानकर्ताले लघु तथा

घरेलु उद्योगको सञ्चालनले ब्यक्ति तथा परिवारको रोजगारी  र शिक्षामा पारेको प्रभावको पहिचान गर्नुलाई मुख्य उद्देश्यको रुपमा राख्नु भएको छ ।

मानन्धर, (२०६६) ले लघु तथा घरेलु उद्योग संचालन गर्ने महिला उद्यमीहरुको आर्थिक तथा शैक्षिक अवस्था शिर्षकमा गर्नुभएको अध्ययनमा काठमाण्डौ जिल्लाको सीतापाइला गा.वि.स. मा संचालित लघु तथा घरेलु उद्योगहरुलाई समावेश गर्नुभएको छ । उद्योग संचालन गर्न महिला उद्यमीहरुको उक्त उद्योगको संचालनले उनीहरुको आर्थिक तथा शैक्षिक स्थितिमा परेको प्रभाव पत्ता लगाउनुलाई प्रमुख उद्देश्यको रुपमा यो अध्ययनले लिएको छ ।


धिताल, (२०६४) ले कृषि र घरेलु तथा साना उद्योगमा संलग्न परिवारको आर्थिक तथा शैक्षिक स्थितिको तुलनात्मक अध्ययनका लागी गोरखा जिल्लाको नारेश्वर गा.वि.स.लाई छनौट गरी अध्ययन गर्नुभएको छ । उहाँको अध्ययनमा कृषि पेशामा र घरेलु तथा साना उद्योगमा संलग्न हुने घरपरिवारको आर्थिक अवस्थाले वालवालिकाको शिक्षामा परेको प्रभावको विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

राई, (२०६२) ले उदयपूर जिल्लाको त्रियुगा नगरपालीकालाई अध्ययन क्षेत्र बनाई घरेलु तथा साना उद्योगले रोजगारी र शिक्षामा पारेका प्रभाव सम्बन्धमा अध्ययन गर्नुभएको छ भने अनुसन्धानकर्ताले घरेलु तथा साना उद्योगले रोजागारी र शिक्षामा पारेको प्रभाव पत्ता लगाउनुलाई मुख्य उद्देश्यको रुपमा लिनु भएको छ ।

यस अध्ययन झापा जिल्ला दुहागढी गा.वि.स. मा अवस्थित घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुको पारिवारिक आर्थिक शैक्षिक क्षेत्रमा परेको प्रभावको बारेमा गरिएको छ । यस अध्ययनमा घरेलु तथा साना उद्योगले उद्यमी तथा श्रमिकहरुको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनुलाई मुख्य उद्देश्यको रुपमा लिइएको छ ।

## २.५ सैद्धान्तिक ढाँचा (Theoritical Framework)


यस अध्ययनको अवधारणत्मक ढाँचा यसप्रकार रहेको छ ।




स्रोत : मानन्धर, (२०६६)

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)

घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुको पारिवारीक आर्थिक तथा शैक्षिक स्थिती तथा उनीहरुका बालबालिकाहरुको शैक्षिक अवस्थाको विभिन्न पक्षलाई निम्नानुसार समेटिएको छ ।



## (CHAPTER : THREE)

## अध्याय : तीन

### ३ अनुसन्धान पद्धति (Research Methodology)

यस खण्डमा अध्ययनले समावेश गर्ने अनुसन्धान ढाँचा, जनसंख्या र नमुना छनौट, सुचना संकलनका साधनहरु र सुचना संकलन प्रकृयालाई उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययनको ढाँचा ब्याख्यात्मक तथा विश्लेषणात्मक (Descreptive and Analytical) प्रकारको रहेको छ । झापा जिल्लाको दुहागढी गा.वि.स. मा सञ्चालित घरेलु तथा साना उद्योगका उद्यमी तथा श्रमिकहरुको आर्थिक तथा शैक्षिक अवस्था हेर्नका लागि आवस्यक पर्ने प्राथमिक तथ्यांकको संकलन सञ्चालित उद्योगहरुमा संलग्न उद्यमीहरु तथा कामदारहरुलाई नमुना छनौट गरि प्रश्नावली र अवलोकन र अन्तरवार्ताको माध्यमबाट गरिएको छ । त्यस्तै द्वितीय तथ्यांकको संकलन उद्योग मन्त्रालय, केन्द्रिय तथ्यांक विभाग, दुहागढी गा.वि.स. को कार्यालाय, झापा उद्योग वाणिज्य संघको कार्यालयबाट प्रकाशित तथा अप्रकाशित स्रोतबाट तथ्यांक संकलन गरि तिनीहरुको विश्लेषण तालिकाद्वारा प्रस्तुत गरिएको छ । त्यसैले यस अध्ययनमा प्रयोग गरिएका तथ्यांकको स्वरुप गुणात्मक तथा परिमाणात्मक किसिमको रहेको छ ।

### ३.२ तथ्यांकका श्रोतहरु ( Sources of Data)

यस अनुसन्धानमा तथ्यांकहरु मुख्यतया दुई श्रोतहरुबाट लिइएको छ ।

#### ३.२.१ प्राथमिक श्रोत (Primary Source)

यस अध्ययनका लागी नमुना छनोटमा परेका अध्ययन क्षेत्रका उद्यमी तथा श्रमिकहरु नै प्राथमिक तथ्यांकका स्रोतहरु हुन् ।

#### ३.२.२ द्वितीय श्रोत (Secondary Source)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन प्राथमिक श्रोत मात्र पर्याप्त नहुने भएकोले द्वितीय श्रोतको माध्यमबाट पनि आवस्यक तथ्यांक संकलन गरिएको छ । यस्ता द्वितीय श्रोतहरुमा

केन्द्रिय तथ्यांक विभाग, उद्योग मन्त्रालय, दुहागढी गाँउ विकास समितिको कार्यालय, झापा उद्योग वाणिज्य संघको कार्यालय, झापा जिल्ला विकास समिति, विभिन्न शोधग्रन्थहरु तथा पत्रपत्रिकामा प्रकाशित वा अप्रकाशित रिपोर्टहरु तथा तथ्यांकहरु, इन्टरनेट र विभिन्न वेबसाइटहरुको सहयोगबाट सूचना तथा तथ्यांक संकलन गरिएको छ ।

## ३.३ जनसंख्या नमुना आकार र नमुना छनोट प्रक्रिया (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र जसबाट छनौट गरिएको नमुनाको आकार तथा छनोट प्रकृया उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यस अध्ययनमा प्राथमिक तथ्यांक संकलन गर्नको लागि झापा जिल्ला अर्न्तगत दुहागढी गा.वि.स. मा ५७ वटा घरेलु तथा साना उद्योगहरु संचालित रहेका छन्  । यीनै ५७ वटा घरेलु तथा साना उद्योगहरुमा संलग्न ५७ जना उद्यमी र १२५ जना श्रमिकरु गरी जम्मा १८२ जनालाई  अध्ययनमा जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययनमा झापा जिल्लाको दुहागढी गा.वि.स. मा सञ्चालित घरेलु तथा साना उद्योगमा संलग्न १८२ जना उद्यमी तथा श्रमिकहरुलाई जनसंख्याको रुपमा रहेका छन् । यस अध्ययनका लागी नमुनाको रुपमा सबै जनसंख्या १८२ जना उद्यमी तथा श्रमिकहरुलाई नै लिइएको छ । त्यसैले यस अध्ययनको नमुना आकार १०० प्रतिशत नै रहेको छ ।

### ३.३.३ नमुना छनोट रणनीति (Sampling Strategy)

यस अध्ययनको लागी निम्न अनुसार नमुना छनौट गरिएको छ ।

१. यस अध्ययनको लागी उद्देश्यमुलक नमुना छनौट विधि (Purposive Sampling Method) का आधारमा झापा जिल्लाको छनौट गरिएको छ ।

२. यस अध्ययनको लागी उद्देश्यमुलक नमुना छनौट विधिको आधारमा झापा जिल्लाको दुहागढी गा.वि.स. लाई छनौट गरिएको छ ।

३. यस अध्ययनको लागी दुहागढी गा.वि.स. मा रहेका कुल ५७ वटा घरेलु तथा साना उद्योगहरु सबैलाई संगणना विधि (Census Method) को आधारमा शतप्रतिशतलाई छनौट गरिएको । उद्यमी ५७ जना र श्रमिक १२५ जना गरी १८२

जना घरेलु तथा साना उद्योगमा संलग्न रहेका छन् । यि सम्पूर्ण उद्यमी तथा श्रमिकहरुलाई संगणना विधि (Census Method) का आधारमा सतप्रतिशतलाई अध्ययनका लागि छनोट गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्र (Study Area)

यस अध्ययनका लागी नमुना छनौटमा परेको झापा जिल्लाको दुहागढी गा.वि.स. लाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ ।

## ३.५ तथ्यांक संकलनका औजारहरु (Tools of Data Collection)

यस अध्ययनमा आवश्यक पर्ने तथ्यांक संकलन गर्न प्रश्नावली, अन्तरवार्ता र अवलोकन जस्ता औजारहरु प्रयोग गरिएको छ । जुन निम्नानुसार छन् ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि प्रश्नावलीको प्रयोग गरिएको छ । प्रश्नावलीको प्रयोगद्वारा घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुको वालवालिकाहरुको शैक्षिक अवस्था, परिवारको आकार, आम्दानी, खर्च आदिका बारेमा सूचना संकलनको गरिएको छ । साथै घरेलु तथा साना उद्योगहरुमा संलग्न उद्यमी तथा श्रमिकहरुको आर्थिक र उनीहरुका बालबालिकाहरुको शैक्षिक अवस्थाका बारेमा उनीहरुसंग प्रश्नावलीको माध्यमबाट तथ्यांक संकलन गरिएको छ । घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरुको लागी गरिएको प्रश्नावली अनुसुची १ मा देखाइएको छ । यसका साथै श्रमिकहरुको लागी गरिएको प्रश्नावली अनुसुची २ मा राखिएको छ ।

### ३.५.२ अवलोकन सूची (Observation List)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्न अध्ययनकर्ता स्वयं घरेलु तथा साना उद्योगहरुमा गइ नमुना छनोटमा परेका  उद्योगहरुको भौतिक संरचनाको अवस्था, मेसिनहरुको अवस्था, उत्पादित वस्तुको परिमाण, श्रमिकहरुको काम गराइको अवस्था, उद्योगमा सरसफाइको अवस्था जस्ता तथ्यांक प्राप्त गर्न अवलोकन सूची तयार गरिएको थियो । जसको नमुना अनुसूची ३ मा देखाइएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion Gride)

तथ्यांक संकलनका क्रममा नमुना उद्यमी तथा श्रमिकहरु सँग वस्तुको उत्पादन, बजार, आम्दानी, खर्च, देखिएका समस्याहरु, समस्याको समाधानका सम्भावित उपायहरु आदिको तथ्यांक वा सूचना प्राप्त गर्न छलफल निर्देशिका निर्माण गरिएको थियो । जसको नमुना अनुसूची ४ मा देखाइएको छ ।

## ३.६ तथ्यांक संकलनका तरिकाहरु (Techniques of Data Collection)

यस अध्ययनका लागि तथ्यांक संकलन गर्न निम्न विधिहरुको प्रयोग गरिएको छ ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनमा प्राथमिक तथ्यांक संकलनका लागि अर्न्तवार्ता प्रश्नावलीको माध्यमबाट आवश्यक तथ्यांकहरु संकलन गरिएको छ । नमुना छनोटमा परेका स्थानीय व्यवसायीहरुसँग आमनेसामने बसी प्रत्यक्ष प्रश्न उत्तरका माध्यमबाट तथ्यांक संकलन गर्न प्रत्यक्ष मौखिक अर्न्तवार्ता (Direct Oral Interview) लिइएको थियो ।

### ३.६.२ सहभागितामूलक अवलोकन ( Participar Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्न अनुसन्धानकर्ता स्वयं घरेलु तथा साना उद्योगहरुमा गइ अवलोकन गरिएको छ ।

### ३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion)

यो अध्ययनको उद्देश्य पूरा गर्न अनुसन्धानकर्ता स्वयं उपस्थित भई घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुलाई उद्देश्यमुलक नुमना छनौट विधिबाट १० जना उद्यमी तथा श्रमिकहरु संलग्न गराई ५ वटा समुह बनाई १ घण्टाको समय निर्धारण गरी अध्ययनकर्ता आफैले छलफल संचालन गरियो ।

## ३.७ तथ्यांक विश्लेषण र ब्याख्याको तरिका (Techniques of Data Interpretation and Analysis)

यस अध्ययनमा परिमाणात्मक तथा गुणात्मक दुवै खाले तथ्यांकहरु समावेश भएकाले तिनीहरुको विश्लेषणका लागि आवस्यकता अनुसार तालिकीकरण गरि प्रतिशत निकालिएको छ, भने निष्कर्ष निकालेर सुझावहरु पेश गर्न सजिलो होस भनी औषतको गणना गरिएको छ । जसलाई यस शोधपत्रको अध्याय ४ मा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

# CHAPTER - FOUR

## अध्याय : चार

## ४. नतिजाको व्याख्या र विश्लेषण (Analysis of Data and Interpretation of Result)

यस अध्ययनमा झापा जिल्ला दुहागढी गा.वि.स. मा सञ्चालित घरेलु तथा साना उद्योगका उद्यमी तथा श्रमिकहरुको परिवारीक आर्थिक र शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । अध्ययनमा जनसाङ्ख्यिक विवरण, उद्योगमा रोजगारको अवस्था, लगानी, उत्पादन तथा बजारको अवस्था बारे तालिका मार्फत प्रस्तुत गरिएको छ । आर्थिक स्थिती अर्न्तगत आम्दानी, खर्च र वचत बारे सम्बन्धित तालिका मार्फत  तथा शैक्षिक स्थिती अन्तर्गत उद्यमी, श्रमिक र उनीहरुको बालबालिकाको शैक्षिक स्थितीलाई तालिका मार्फत विवरणात्मक एवं विश्लेषणत्मक  रुपमा प्रस्तुत गरिएको छ ।

### ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

पूर्वाञ्चल विकास क्षेत्रको मेचि अञ्चलमा पर्ने झापा जिल्ला तथा झापा जिल्लामा पर्ने दुहागढी गा.वि.स. यस अनुसन्धानको अध्ययन क्षेत्र भएकाले उक्त क्षेत्रको परिचय प्रस्तुत गरिएको  छ ।

### ४.१.१ झापा जिल्लाको परिचय (Introduction of Jhapa District)

#### (१) भौगोलिक अवस्था (Geographical Condition)

झापा जिल्ला नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सुदुरपूर्वी तराईको एक विकसित जिल्ला हो । क्षेत्रफल र जनसंख्याको हिसाबमा क्रमश ४७ औं, चौथो स्थानमा पर्दछ । यो जिल्ला समुद्रि सतहबाट ५८ मीटर देखि ५०० मीटर सम्मको उचाईमा अवस्थित छ । यो जिल्ला धान र चियाको लागि राष्ट्रकै अग्र स्थानमा रहेको छ । साथै बंगालबाट बहने मनसुनी वायुको कारणले यहाँ धेरै बर्षा हुने गर्दछ । जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मी

भएको यस जिल्लाको पूर्वी पश्चिम लम्वाई ४६ कि.मी र उत्तर दक्षिण सरदर चौडाई २९ कि.मी. रहेको छ (जि.वि.स प्रोफाइल, २०६८)।

जिल्लाको उत्तरी भागमा चूरे क्षेत्रबाट बग्ने नदी र खोलानालाहरूले बगाएर ल्याएको वलौटे माटो पाईन्छ । जसलाई भावर भनिन्छ । यस जिल्लामा न्यून औषत तापक्रम १०° सेल्सियस मंसिर र पौष महिनामा र सबै भन्दा बढी औषत तापक्रम ४०° सेल्सियस जेष्ठ तथा असार महिनामा हुन्छ । त्यसैगरी दक्षिणी भागमा भावर प्रदेशमा आएर नदीहरूले यहाँका तटवर्ती जग्गालाई सिंचित गरेको छ । यस भेगको माटो मलिलो छ । यहाँको तापक्रम मध्यम पाईन्छ जहाँ बढिमा ४०° सेल्सियस र घटीमा १०° सेल्सियस सम्म हुन्छ । पूर्वबाट बहने मनसूनी हावा महाभारत पर्वत सृंखलामा ठक्कर खाएर यहाँ मनसूनी बर्षा हुन्छ । सबभन्दा बढी वर्षा असार, श्रावण र भाद्र महिनामा हुन्छ र कम वर्षा मंसिर महिनामा हुन्छ । जहाँ वर्ष भरीमा औषत २७१.७५ मिलिमिटर वर्षा हुन्छ । मेची, निन्दा, विरिङ्ग, कन्काई, रतुवा र मावा यस जिल्लाको प्रमूख नदीनालाहरू हुन् । मेची नदी नेपालको पूर्वी सीमाना पनि हो भने मावा खोला यस जिल्लाको पश्चिम सिमाना रहेको छ (जि.वि.स प्रोफाइल, २०६८)।

### (२) शैक्षिक अवस्था (Educational Condition)

यस झापा जिल्लाको शैक्षिक अवस्थालाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका १**

**झापा जिल्लाको ५ वर्ष भन्दा माथिको जनसंख्याको शैक्षिक अवस्था**

| लिङ्ग | ५ वर्ष भन्दा माथिको जनसंख्या | जनसंख्या जो | | | नखुलेको | साक्षरता % |
|---|---|---|---|---|---|---|
| | | पढन लेख्न सक्ने | लेख्न मात्र सक्ने | पढन लेख्न नसक्ने | | |
| **जम्मा** | ७४३,९५७ | ५५८,६१५ | १३,०४७ | १७२,०७२ | २२३ | ७५ |
| पूरुष | ३४९,७५९ | २८८,००७ | ६,२९९ | ५५,३६४ | ८९ | ८२ |
| महिला | ३९४,१९८ | २७०,६०८ | ६,७४८ | ११६,७०८ | १३४ | ६९ |

स्रोत : जिल्ला पार्श्व चित्र, झापा २०७१

माथिको तालिका अनुसार यस जिल्लामा ५ वर्ष भन्दा माथिको जनसंख्या ७४३९५७ रहेको छ भने साक्षरता दर ७५ प्रतिशत रहेको छ । कुल पुरुषहरु ३४९७५९ जना मध्ये ८२

प्रतिशत साक्षर रहेका छन् । त्यस्तै कुल महिलाहरु ३९४,१९८ जना मध्ये ६९ प्रतिशत महिलाहरु साक्षर रहेका छन् ।

### ४.१.२ दुहागढी गा.वि.स को परिचय (Introduction of Duhagadi V.D.C)

### (१) भौगोलिक अवस्था (Geographical Condition)

झापा जिल्लाका गा.वि.स. हरु मध्यको पूर्वमा फैलिएको एक गा.वि.स दुहागढी हो । यस गा.वि.स को सिमानामा पूर्वमा मेची नगरपालीका पश्चिममा गरमनी गा.वि.स. तथा विर्तामोड नगरपालीका, उत्तरमा धाईजन गा.वि.स. तथा शनिअर्जुन नगरपालीका र दक्षिणमा भद्रपुर नगरपालीका रहेका छन् । यस गा.वि.स को पश्चिमी भागमा ठूलो घना जंगल तथा पूर्वमा हँडिया खोला रहेको छ । यस गा.वि.स. को सबैभन्दा ठूलो बजार चारआली बजार क्षेत्र हो । चारआली बजार क्षेत्र हुँदै उत्तरतर्फ जाने मेची राजमार्गबाट नेपालको मनोरम सुन्दरताको जिल्ला इलाम, पाँचथर तथा ताप्लेजुङ्ग पुग्न सकिन्छ । यस अर्थमा हेर्दा पनि सुदुर पहाडि जिल्ला आउने जाने मुख्य नाकाको रुपमा यस गा.वि.स.मा रहेको चारआली बजार क्षेत्र रहेको छ । खुल्ला दिशामुक्त क्षेत्र तथा साक्षर गा.वि.स. समेत घोषणा भइसकेको यस गा.वि.स. झापा जिल्लाको विकसीत मध्येको एक गा.वि.स दुहागढी हो (गा.वि.स. प्रोफाइल, २०७०) ।

### (२) शैक्षिक अवस्था (Educational Condition)

यस दुहागढी गा.वि.स. मा एक प्राथमिक विद्यालय, नेपालकै नमुना मध्येको एउटा नमुना निम्न माध्यमिक विद्यालय, एक सामुदायिक अंग्रेजी विद्यालय, एक माध्यमिक विद्यालय, एक बहुमुखी क्याम्पस र ५ वटा नीजि विद्यालयहरु रहेका छन् । यस दुहागढी गा.वि.स. को शैक्षिक स्थिती सम्बन्धि विवरणलाई तलको तालिकामा देखाइएको छ ।

तालिका २

**दुहागढी गाविसको ५  वर्ष भन्दा माथिको जनसंख्याको शैक्षिक अवस्था**

| क.सं. | शैक्षिक अवस्था | कुल जनसंख्या | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ९२४३ | ८३.२८ | ४८६३ | ८५.२४ | ४३८० | ८१.२० |
| २ | निरक्षर | १८५६ | १६.७२ | ८४२ | १४.७६ | १०१४ | १८.८० |
|  | **जम्मा** | **११०९९** | **१००** | **५७०५** | **१००** | **५३९४** | **१००** |

स्रोत : गा.वि.स. प्रोफाइल २०७०

माथिको तालिका अनुसार दुहागढी गा.वि.स. को कुल जनसंख्या ११०९९ मध्ये ८३.२८ प्रतिशत साक्षर तथा १६.७२ प्रतिशत निरक्षर रहेका छन् । कुल पुरुषहरु मध्ये ८५.२४ प्रतिशत साक्षर रहेका छन्  भने १४.७६ प्रतिशत निरक्षर रहेका छन् । कुल महिलाहरु मध्ये ८१.२० प्रतिशत महिलाहरु साक्षर रहेका छन् भने १८.८० प्रतिशत  महिलाहरु निरक्षर रहेका छन् । तालिका अनुसार महिला भन्दा पुरुषहरुको साक्षरता प्रतिशत बढी रहेको छ भने पुरुषहरुको तुलनामा महिलाहरु बढी निरक्षर रहेको प्रष्ट हुन आउँछ ।

## ४.२ नमुना छनोट घरपरिवारको जनसांख्यिकीय अवस्था (Population of Sample Families)

प्रस्तुत अध्ययनमा उमेर समूह अनुसार जनसंख्यालाई ०–१४ बर्ष, १५–१९ बर्ष र ६० बर्ष माथि गरि तीन समुहमा विभाजन गरिएको थियो । उद्यमीहरुको घरपरिवारको जनसांख्यिकीय अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ३**

**उद्यमीहरुको घरपरिवारको जनसांख्यिकीय अवस्था**

| क.सं. | उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-१४ वर्ष सम्म | ४६ | ३०.४६ | ३९ | २५.४९ | ८५ | २७.९६ |
| २ | १५ - ५९ वर्ष सम्म | ८२ | ५४.३० | ८५ | ५५.५६ | १६७ | ५४.९३ |
| ३ | ६० वर्ष भन्दा माथि | २३ | १५.२३ | २९ | १८.९५ | ५२ | १७.११ |
| | **जम्मा** | **१५१** | **१००** | **१५३** | **१००** | **३०४** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार ०-१४ वर्ष सम्म उमेर समुहमा ३०.४६ प्रतिशत पुरुष तथा २५.४९ प्रतिशत महिला गरी जम्मा जनसंख्याको २७.९६ प्रतिशत रहेका छन् । १५-५९ वर्ष उमेर समुहमा ५४.३० प्रतिशत पुरुष तथा ५५.५६ प्रतिशत महिला गरी कुल जनसंख्याको ५४.९३ प्रतिशत हिस्सा ओगटेका छन् । त्यस्तै गरी ६० वर्ष भन्दा माथि उमेर समुहमा १५.२३ प्रतिशत पुरुष र १८.९५ प्रतिशत महिला गरी कुल १७.११ प्रतिशत रहेका छन् । श्रमिकहरुको घरपरिवारको जनसाख्यिकीय अवस्थालाई तलको तालिका मा देखाइएको छ ।

**तालिका ४**

**नमुना श्रमिकहरुको घरपरिवारको जनसांख्यिकीय अवस्था**

| क.सं. | उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-१४ वर्ष सम्म | ८८ | २६.५१ | ९६ | २९.४५ | १८४ | २७.९६ |
| २ | १५ - ५९ वर्ष सम्म | २०१ | ६०.५४ | १८५ | ५६.७५ | ३८६ | ५८.६६ |
| ३ | ६० वर्ष भन्दा माथि | ४३ | १२.९५ | ४५ | १३.८० | ८८ | १३.३७ |
| | **जम्मा** | ३३२ | १०० | ३२६ | १०० | ६५८ | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका ४ अनुसार ०–१४ वर्ष उमेर सम्मको पुरुष २६.५१ प्रतिशत र महिला २९.४५ प्रतिशत गरी जम्मा संख्याको २७.९६ प्रतिशत रहेको छ । १५–५९ वर्ष उमेरसम्मको पुरुष संख्या ६०.५४ प्रतिशत र महिला संख्या ९१.८९ प्रतिशत गरी जम्मा संख्याको ५८.६६ प्रतिशत रहेका छन् । त्यस्तै ६० वर्ष भन्दा माथि उमेर समूहमा पुरुष तर्फ

१२.९५ प्रतिशत र महिला संख्याको १३.८० प्रतिशत गरी कुल संख्याको १३.३७ प्रतिशत रहेको छ ।

## ४.३ घरेलु तथा साना उद्योगको वर्तमान अवस्था (Current Situation of the Cottage and Small Industries)

यस अध्ययन क्षेत्रभित्र रहेका तथा नमुना छनौटमा परेका घरेलु तथा साना उद्योगहरुको वर्तमान संख्या, अवस्था के कस्तो रहेको छ भनी निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ घरेलु तथा साना उद्योगहरुको संख्यात्मक विवरण (Numbers of Cottage and Small Industries)

अध्ययन क्षेत्रमा ५७ वटा घरेलु तथा साना उद्योगहरु वर्तमान अवस्थामा सञ्चालित रहेका छन् । यस क्षेत्रमा घरेलु तथा साना उद्योगहरु वाहेक केही मझौला तथा ठूला उद्योगहरु समेत सञ्चालित रहेका छन् । यस क्षेत्रमा सञ्चालित घरेलु तथा साना उद्योगहरु मध्ये कपडा सिलाइ उद्योग, काठका फर्निचर बनाउने उद्योग, बाँसका सामग्रीहरु बनाउने उद्योग, गृल उद्योग, कुटानी पिसानी पेलानी मिलहरु, तथा छाला-जुत्ताहरु बहुसंख्यक रुपमा रहेका छन् । यस्ता उद्योगहरुले स्थानिय आवस्यकताहरु धेरै हदसम्म पूरा गरि रहेका छन् । जसले मानिसहरुको आय आर्जन अर्थात रोजगारी तथा शिक्षामा प्रभाव परेको छ । अध्ययन क्षेत्रमा सञ्चालिन भइरहेका लघु तथा घरेलु उद्योगहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : ५**

**घरेलु तथा साना उद्योगहरुको संख्यात्मक विवरण**

| क्र.सं. | उद्योगको किसिम | उद्योग संख्या |
|---|---|---|
| १ | सिलाइ उद्योग | ११ |
| २ | छाला, जुत्ता उद्योग | ९ |
| ३ | कुटानी, पिसानी र पेलानी मिलहरु | ८ |
| ४ | फर्निचर उद्योग | ७ |
| ५ | बाँसका मुडा तथा अन्य सामान बनाउने उद्योगहरु | ७ |
| ६ | ग्रिल उद्योग | ६ |
| ७ | पाउरोटी तथा बेकरी उद्योग | २ |
| ८. | अफसेट प्रेस तथा छापाखाना | २ |
| ९. | प्याकेजिङ्ग उद्योग | २ |
| १०. | थुक्पा, चाउमिन उद्योग | १ |
| ११. | नेपाली कागज उत्पादन तथा प्रशोधन उद्योग | १ |
| १२. | क्रसर उद्योग | १ |
| | **जम्मा** | ५७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

### ४.३.२ घरेलु तथा साना उद्योगमा रोजगारको अवस्था (Employment Situation of Cottage and Small industries)

घरेलु तथा साना उद्योगको माध्यमबाट देशमा व्याप्त बेरोजगारी समस्यालाई कम गर्न उद्योगहरुले प्रदान गर्ने रोजगारीले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । थोरै लगानीमा उद्योगहरुले जति बढी मात्रामा रोजगारीका अवसरहरु सृजना गर्न सक्यो त्यति नै बढी मात्रामा व्यक्तिहरुको आम्दानी बढ्दै जान्छ । अध्ययन क्षेत्रमा नमुनामा परेका ५७ वटै उद्योगमा उद्यमीहरुले उद्योग संचालन गर्न उद्यमीहरु स्वयं र  वाह्य श्रमिकहरुको पनि प्रयोग गरेको पाइएको छ । नमुना उद्योगमा कार्यरत उद्यमी र श्रमिक कतिजना छन् भन्ने कुरा तल तालिकामा देखाइएको छ ।

**तालिका ६**

**नमुना उद्योगमा कार्यरत उद्यमी तथा श्रमिकहरुको रोजगारीको अवस्था**

| क.सं. | उद्योग संख्या | उद्यमी तथा श्रमिकको रोजगार संख्या | | | | कुल रोजगार | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | स्वरोजगार उद्यमी | जम्मा | श्रमिक | जम्मा | | |
| १ | १९ | १ | १९ | १ | १९ | ३८ | २०.८८ |
| २ | २१ | १ | २१ | २ | ४२ | ६३ | ३४.६२ |
| ३ | ९ | १ | ९ | ३ | २७ | ३६ | १९.७८ |
| ४ | ४ | १ | ४ | ४ | १६ | २० | १०.९९ |
| ५ | ३ | १ | ३ | ५ | १५ | १८ | ९.८९ |
| ६ | १ | १ | १ | ६ | ६ | ७ | ३.८५ |
| **जम्मा** | ५७ | | ५७ | | १२५ | १८२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका नमुना उद्योगहरु मध्ये १९ वटा उद्योगहरुले कूल १८२ उद्यमी तथा श्रमिकहरु मध्ये ३८ जनालाई अर्थात २०.८८ प्रतिशत उद्यमी र श्रमिकहरुलाई रोजगार दिएको छ । त्यस्तै २१ वटा उद्योगहरुले ६३ जना अर्थात ३४.६२ प्रतिशतलाई, ९ वटा उद्योगहरुले ३६ जना अर्थात १९.७८ प्रतिशतलाई, ४ वटा उद्योगहरुले २० जना अर्थात १०.९९ प्रतिशतलाई, ३ वटा उद्योगहरुले १८ जना अर्थात ९.८९ प्रतिशतलाई र १ वटा उद्योगले ७ जना अर्था ३.८५ प्रतिशत उद्यमी तथा श्रमिकहरुलाई रोजगारी दिइएको पाइयो । यसरी जम्मा गरी ५७ वटा उद्योगहरुबाट ५७ जना उद्यमी र १२५ जना श्रमिकहरु गरी जम्मा १८२ जनाले रोजगारी प्राप्त गरिरहेको पाइयो ।

### ४.३.३ लगानीको आधारमा नमुना उद्योगको अवस्था (Investment of Sample Industries)

नेपाल सरकार औद्योगिक नीति २०६७ अनुसार लघु तथा घरेलु उद्योगलाई यसप्रकार परिभाषित गरिएको छ । “लघु उद्यम भन्नाले देहायका शर्त पुरा भएका व्यवसाय सम्झनु

पर्दछ - घरको जग्गाबाहेक बढीमा दुईलाख रुपैयाँसम्म स्थिर पुँजी लगानी हुने, उद्यमी स्वयं व्यवस्थापनमा संलग्न रहेको, उद्यमी समेत ९ जनासम्म कामदार रहेको र इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता १० किलोवाट भन्दा कम भएको ।" त्यसैगरि परम्परागत तथा घरेलु उद्योग भन्नाले "परम्परागत सीप र प्रविधिमा प्रयोग गर्ने स्थानिय कच्चा पदार्थ एवं स्थानिय प्रविधिमा आधारित औजार उपकरण उपयोग गर्ने, देशको कला र संस्कृति सँग सम्बद्ध र १० किलोवाट सम्म विद्युत शक्ति प्रयोग गर्ने उद्योगहरुलाई बुझिन्छ ।" उदाहरणको लागि सेरामिक्स तथा माटाका भाँडाकुँडा, सुन, चाँदी, फलाम, तामा, पित्तल, काँस, ढलोट, सिल्भर, छाला आदिबाट हस्तनिर्मित भाँडा वर्तन तथा हस्तकलाका सामानहरु, परम्परागत मुर्तिकला, थाङ्काचित्र र अन्य परम्परागत चित्रकला, मुकुण्डो, पुतली, खेलौना आदि जस्ता उद्योगहरु लघु तथा घरेलु उद्योगहरु हुन् । त्यस्तै साना उद्योग भन्नाले परम्परागत घरेलु उद्योग वाहेक रु. ३ करोड रुपैँया सम्म स्थिर जेथा भएको उद्योगहरु हुन् । (औद्योगिक नीति, २०६७) । यसकारण पनि नमुना छनौटमा परेका घरेलु तथा साना उद्योगहरुमा कति सम्म पुँजी लगानी भएको छ उक्त कुरा जान्नु आवस्यक हुन्छ ।

यस क्षेत्रमा सञ्चालित घरेलु तथा साना उद्योगहरुले रु. २ लाख देखी रु. १० लाख भन्दा माथि सम्म लगानी गरेको पाइएको छ । यस क्षेत्रमा २ देखी ५ लाख सम्म लगानी गर्ने उद्योगहरुको संख्या धेरै रहेको छ । नमुना उद्योगमा गरिएको लगानीको अवस्थालाई तलको तलिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७**

**पुँजी लगानीको आधारमा नमुना उद्योगहरुको अवस्था**

| क्र.सं | पुँजी लगानी (रु. मा) | उद्योगको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ लाख सम्म | ६ | १०.५३ |
| २ | २ लाख देखी ५ लाख सम्म | २३ | ४०.३५ |
| ३ | ५ लाख देखी १० लाख सम्म | १९ | ३३.३३ |
| ४ | १० लाख देखी माथि | ९ | १५.७९ |
| | **जम्मा** | **५७** | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार रु. २ लाख भन्दा कम लगानी गर्ने उद्योगहरुको संख्या सवैभन्दा कम ६ वटा अर्थात कुल उद्योगको १०.५३ प्रतिशत रहेको छ। त्यस्तै रु. २ लाख देखी ५ लाख सम्म लगानी गर्ने उद्योगहरु २३ वटा अर्थात ४०.३५ प्रतिशत, रु. ५ लाख देखी १० लाख सम्म १९ वटा अर्थात ३३.३३ प्रतिशत र १० लाख देखी माथि लगानी गर्ने उद्योगहरु ९ वटा अर्थात १५.७९ प्रतिशत रहेको पाइएको छ।

### ४.३.४ घरेलु तथा साना उद्योगहरुको उत्पादनको अवस्था (Production of Cottage and Small Industries)

अध्ययन क्षेत्रमा रहेका घरेलु तथा साना उद्योगहरुको उत्पादनको अवस्था फरक देखियो । ठूलो लगानी गर्ने उद्योगहरुले बढी परिमाणमा उत्पादन गरेको तथा सानो लगानी भएका उद्योगहरुको उत्पादन पनि सानै रहेको देखियो । यसरी विभिन्न उद्योगहरुले गर्ने उत्पादनलाई रु. मा निम्नानुसार देखाइएको छ।

**तालिका ८**

**नमुना उद्योगहरुबाट उत्पादित वस्तु तथा सेवाको परिमाण**

| क्र.सं. | वार्षिक उत्पादन हुने वस्तु तथा सेवाको परिमाण (रु. मा) | उद्योगको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ लाख सम्म | ९ | १५.७९ |
| २ | ३ देखी ५ लाख सम्म | १६ | २८.०७ |
| ३ | ५ देखी १० लाख सम्म | २३ | ४०.३५ |
| ४ | १० लाख भन्दा माथि | ९ | १५.७९ |
| | **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकालाई हेर्दा के थाहा पाउन सकिन्छ भने बार्षिक रुपमा रु. ३ लाख सम्म वस्तु तथा सेवाको उत्पादन गर्ने उद्योगहरु १५.७९ प्रतिशत, ३ देखी ५ लाख रु. सम्म उत्पादन गर्ने उद्योगहरु २८.०७ प्रतिशत, त्यस्तै ५ देखी १० लाख सम्म उत्पादन गर्ने

उद्योगहरु सबैभन्दा धेरै अर्थात ४०.३५ प्रतिशत र रु १० लाख भन्दा माथिको वस्तु तथा सेवा उत्पादन गर्ने उद्योगहरु १५.७९ प्रतिशत रहेका छन् ।

### ४.३.५ नमुना उद्योगहरुको बजार अवस्था (Market Condition of Sample Industries)

उद्योगबाट उत्पादन भएका वस्तुलाई विक्री गर्ने ठाउँलाई बजार भनिन्छ । यदि उत्पादित वस्तुले सजिलै बजार पाएको खण्डमा उद्योग निरन्तर रुपमा चलिरहन्छ तर बजारको व्यवस्था राम्रो छैन भने उत्पादित वस्तु विक्री नभई नष्ट भएर जाने संभावना हुन्छ र उद्योग घाटामा गई बन्द गर्नुपर्ने अवस्थामा पुग्दछ । तसर्थ नमुना उद्योगबाट उत्पादन भएका वस्तुहरु विक्रीका लागी  बजारको अवस्था बारे तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ९**

**नमुना उद्योगहरुको बजार अवस्था**

| **क.सं.** | **बजार व्यवस्था** | **उद्योगको संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | नजिकैको बजार | ३१ | ५४.३९ |
| २ | जिल्ला बाहिर | ६ | १०.५३ |
| ३ | ग्राहक उद्योगमै आउने | १५ | २६.३२ |
| ४ | गाउँ गाउँमा लगेर समेत विक्री हुने | ५ | ८.७७ |
| | **जम्मा** | **५७** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा नमुना उद्योगहरुबाट उत्पादित वस्तुहरुको बजार व्यवस्थालाई देखाइएको छ । जस अनुसार नजिकैको स्थानिय बजारमा २१ वटा उद्योगहरु अर्थात ५४.३९ प्रतिशत उद्योगहरुले उत्पादित वस्तुहरुको विक्रीगर्ने गरका छन् । त्यस्तै जिल्ला बाहिर ६ वटा अर्थात १०.५३ प्रतिशत, ग्राहक उद्योगमै आउने १५ वटा अर्थात २६.३२ प्रतिशत  र गाउँ गाउँमा लगेर समेत विक्री हुने ५ वटा अर्थात ८.७७ प्रतिशत उद्योगहरु रहेको पाइएको छ ।

### ४.३.६ उद्योगहरुको आम्दानीको अवस्था (Income Condition of Industries)

दुहागढी गा.वि.स.मा हाल सञ्चालनमा रहेका उद्योगहरुको वार्षिक आयलाई हेर्दा उद्योगहरुको आम्दानीको अवस्था फरक फरक देखियो । केहि उद्योगहरुको वार्षिक आय बढी रहेको तथा केहि उद्योगहरुको वार्षिक आय कम रहेको पाइयो । उद्योगहरुको कुल बार्षिक आम्दानीलाई कुल उद्योग संख्याले भाग गरी औषत बार्षिक आम्दानी निकालिएको छ भने औषत बार्षिक आम्दानीलाई १२ ले भाग गरी औषत मासिक आम्दानी निकालिएको छ । उद्योगहरुबाट प्राप्त गरेको वार्षिक आयलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १०**

**नमुना उद्योगहरुको वार्षिक आम्दानीको अवस्था**

| क्र.सं. | वार्षिक आय विवरण (रु. मा) | उद्योगको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ लाख सम्म | ७ | १२.२८ |
| २ | ३ देखी ५ लाख सम्म | १७ | २९.८२ |
| ३ | ५ देखी १० लाख सम्म | २५ | ४३.८६ |
| ४ | १० लाख भन्दा माथि | ८ | १४.०४ |
| | **जम्मा** | **५७** | **१००.००** |
| | कुल बार्षिक आम्दानी | ४१३२५०००.०० | |
| | औषत बार्षिक आम्दानी | ७२५०००.०० | |
| | औषत मासिक आम्दानी | ६०४१६.६७ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा उल्लेख भए अनुसार अध्ययन क्षेत्रमा रहेका उद्योगहरु मध्ये १२.२८ प्रतिशतले बार्षिक रु. ३ लाख सम्म आम्दानी गर्ने गरेका छन् भने २९.८२ प्रतिशत उद्योगहरुले ३ देखी ५ लाख सम्म आम्दानी गरेका छन् । त्यस्तै सर्वाधिक ४३.८६ प्रतिशत उद्योगहरुले बार्षिक रु. ५ देखी १० लाख सम्म र १४.०४ प्रतिशत उद्योगहरुले १० लाख भन्दा माथि आम्दानी गर्ने गरेका छन् । उद्योगहरुको औषत बार्षिक आम्दानी रु. ७२५००० छ भने औषत मासिक आम्दानी रु. ६०४१६.६७ रहेको छ ।

### ४.३.७ उद्योगहरुको वार्षिक खर्चको अवस्था (Expenditure Condition of Industries)

कुनै पनि उद्योगहरु संचालनको लागि विभिन्न किसिमका खर्चको आवस्यकता पर्दछ । उद्योगहरुले गरेको कुल बार्षिक खर्चलाई कुल उद्योग संख्याले भाग गरी औषत बार्षिक खर्च निकालिएको छ भने औषत बार्षिक खर्चलाई १२ ले भाग गरी औषत मासिक खर्च निकालिएको छ । यस अध्ययनको लागी नमुना छनौटमा परेमा उद्योगहरुको वार्षिक खर्चलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका ११**

**नमुना उद्योगहरुको वार्षिक खर्चको अवस्था**

| क्र.सं. | वार्षिक खर्च विवरण (रु. मा) | उद्योगको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ लाख भन्दा कम | १० | १७.५४ |
| २ | ३ देखी ५ लाख सम्म | २४ | ४२.११ |
| ३ | ५ देखी १० लाख सम्म | १८ | ३१.५८ |
| ४ | १० लाख भन्दा माथि | ५ | ८.७७ |
| | **जम्मा** | **५७** | **१००** |
| | कुल बार्षिक खर्च | ३००३९००० | |
| | औषत बार्षिक खर्च | ५२७००० | |
| | औषत मासिक खर्च | ४३९१६.६७ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार वार्षिक ३ लाख भन्दा कम खर्च गर्ने १० वटा अर्थात १७.५४ प्रतिशत उद्योगहरु रहेका छन् । त्यस्तै २ देखी ५ लाख सम्म खर्च गर्ने २४ वटा अर्थात ४२.११ प्रतिशत उद्योगहरु, ५ देखी १० लाख सम्म १८ वटा अर्थात ३१.५८ प्रतिशत उद्योगहरु र १० लाख भन्दा माथि खर्च गर्ने उद्योगहरु ५ वटा अर्थात ८.७७ प्रतिशत उद्योगहरु रहेका छन् । उद्योगहरुको औषत बार्षिक खर्च रु. ५२७००० छ भने औषत मासिक खर्च रु. ४३९१६.६७ रहेको छ ।

### ४.३.८ उद्योगहरुको बचतको अवस्था (Saving Condition of Industries)

प्राप्त भएको आम्दानीबाट खर्च घटाएर बाँकी रहेको रकमलाई बचत भनिन्छ। यस अध्ययन क्षेत्रमा सञ्चालित उद्योगहरुको बार्षिक आम्दानीबाट खर्चलाई घटाएर बचत रकम निकालिएको छ। उद्योगहरुले गरेको कुल बार्षिक बचतलाई कुल उद्योग संख्याले भाग गरी औषत बार्षिक बचत निकालिएको छ भने औषत बार्षिक बचतलाई १२ ले भाग गरी औषत मासिक बचत निकालिएको छ। यस अध्ययनको लागी नमुना छनौटमा परेमा उद्योगहरुको बचतलाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिका १२**

**नमुना उद्योगहरुको वार्षिक बचतको अवस्था**

| क्र.सं. | वार्षिक बचत विवरण (रु.मा) | उद्योगको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बचत नहुने | २ | ३.५१ |
| २ | १ लाख सम्म | १४ | २४.५६ |
| ३ | १ देखी २ लाख सम्म | २३ | ४०.३५ |
| ४ | २ देखी ३ लाख सम्म | १२ | २१.०५ |
| ५ | ३ लाख भन्दा माथि | ६ | १०.५३ |
| | **जम्मा** | **५७** | **१००.००** |
| | कुल बार्षिक बचत | ११२८६००० | |
| | औषत बार्षिक बचत | १९८००० | |
| | औषत मासिक बचत | १६५०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका उद्योगहरु मध्ये ३.५१ प्रतिशत अर्थात २ वटा उद्योगहरुले बचत गर्न सकेका छैनन् भने बाकी सबै उद्योगहरुले केहि न केही बचत गर्ने गरेका छन् । उद्योगहरुको औषत बार्षिक बचत रु. १९८००० रहेको छ भने उद्योगहरुको औषत मासिक बचत रु १६५०० रहेको छ।

## ४.४ उद्यमीहरुको आर्थिक अवस्था (Economic Condition of Interpreneur)

यस अध्ययन क्षेत्रमा छनौटमा परेका नमुना उद्योगका उद्यमीहरुको आर्थिक अवस्था अन्तरगत उनीहरुको पारिवारिक बार्षिक आय, पारिवारीक बार्षिक खर्च र पारिवारीक बार्षिक बचतलाई देखाइएको छ ।

### ४.४.१ उद्यमीहरुको पारिवारीक आम्दानी (Family Income of Intrepreneur)

यस अध्ययन क्षेत्रमा रहेकमा घरेलु तथा साना उद्योगका उद्यमीहरुको पारिवारीक बार्षिक आम्दानीको अवस्था तहगत र स्रोतगत गरी दुइ प्रकारबाट हेरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ ।

#### (१) तहगत आम्दानी (Layer base Income)

दुहागढी गा.वि.स.मा हाल सञ्चालनमा रहेका उद्योगका उद्यमीहरुको पारिवारीक वार्षिक आयलाई हेर्दा आम्दानीको अवस्था फरक फरक देखियो । केहि उद्यमीहरुको पारिवारीक वार्षिक आय बढी रहेको तथा केहि उद्यमीहरुको पारिवारीक वार्षिक आय कम रहेको पाइयो । उद्यमीहरुको पारिवारीक वार्षिक आयलाई तहगत रुपमा विभाजन गरी तलको तालिकामा देखाइएको छ ।

**तालिका १३**

**उद्यमीहरुको तहगत पारिवारीक वार्षिक आम्दानीको अवस्था**

| क्र.सं. | वार्षिक आय विवरण (रु.मा) | उद्योगको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ लाख सम्म | ८ | १४.०४ |
| २ | २ देखी ३ लाख सम्म | २२ | ३८.६० |
| ३ | ३ देखी ५ लाख सम्म | १९ | ३३.३३ |
| ४ | ५ लाख भन्दा माथि | ८ | १४.०४ |
| | **जम्मा** | **५७** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार कुल ५७ जना उद्यमीहरु मध्ये १४.०४ प्रतिशत उद्यमीहरुको पारिवारीक बार्षिक आय रु. २ लाख सम्म रहेको छ । त्यस्तै २२ जना अर्थात ३८.६०

प्रतिशत उद्यमीहरुको बार्षिक पारिवारीक आय २ देखी ३ लाख सम्म, त्यस्तै १९ जना अर्थात ३३.३३ प्रतिशत उद्यमीहरुको बार्षिक पारिवारीक आय ३ देखी ५ लाख सम्म र ८ जना अर्थात १४.०४ प्रतिशत उद्यमीहरुको बार्षिक पारिवारीक आय रु. ५ लाख भन्दा माथि रहेको छ ।

## (२) स्रोतगत आम्दानी (Source base Income)

अध्ययन क्षेत्रमा रहेका उद्यमीहरुको परिवारले उद्योगबाट मात्र आम्दानी नगरी उद्योगका साथै अन्य विभिन्न क्षेत्रहरु जस्तै ब्यापार, कृषि, ज्याला/मजदुरी, नोकरी वा जागीर जस्ता विभिन्न क्षेत्रहरुबाट पनि आम्दानी गर्ने गरेका छन् । यसरी उद्यमीहरुले गरेको कुल बार्षिक आम्दानीलाई कुल उद्यमी संख्याले भाग गरी औषत बार्षिक आम्दानी निकालिएको छ भने औषत बार्षिक आम्दानीलाई १२ ले भाग गरी औषत मासिक आम्दानी निकालिएको छ । यस अध्ययनको लागी नमुना छनौटमा परेमा उद्यमीहरुको स्रोतगत आम्दानीलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका १४**

**उद्यमीहरुको स्रोतगत बार्षिक पारिवारीक आम्दानीको अवस्था**

| क्र.सं. | आम्दानीको स्रोत | बार्षिक आम्दानी (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | उद्योग | ७८५८००० | ४८.६३ |
| २ | उद्योग र ब्यापार | ३६८२००० | २२.७८ |
| ३ | उद्योग र कृषि | २२४०००० | १३.८६ |
| ४ | उद्योग र जागीर | १४६०००० | ९.०३ |
| ५ | उद्योग र ज्याला मजदुरी | ९२०००० | ५.६९ |
|  | **जम्मा बार्षिक आम्दानी** | **१६१६००००** | **१००.००** |
|  | औषत बार्षिक पारिवारिक आम्दानी | २८३५०९ |  |
|  | औषत मासिक पारिवारिक आम्दानी | २३६२६ |  |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार उद्यमीहरुको परिवारले उद्योगबाट ४८.६३ प्रतिशत, उद्योग र ब्यापार दुवैबाट २२.७८ प्रतिशत, उद्योग र कृषीमा संलग्न रही १३.८६ प्रतिशत, उद्योग र जागीरबाट ९.०३ प्रतिशत र उद्योग तथा ज्याला/मजदुरीबाट ५.६९ प्रतिशत आम्दानी गर्ने गरेका छन् । उद्यमीहरुको औषत बार्षिक पारिवारीक आम्दानी रु २८३५०९ रहेको छ भने औषत मासिक पारिवारीक आम्दानी रु. २३६२६ रहेको छ ।

### ४.४.२ उद्यमीहरुको पारिवारीक वार्षिक खर्चको अवस्था (Expenditure Condition of Intrepreneur)

यस अध्ययन क्षेत्रमा रहेकमा घरेलु तथा साना उद्योगका उद्यमीहरुको पारिवारीक बार्षिक खर्चको अवस्था तहगत र क्षेत्रगत गरी दुइ प्रकारबाट हेरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ ।

#### (१) तहगत खर्च (Layer base Expenditure)

दुहागढी गा.वि.स.मा हाल सञ्चालनमा रहेका उद्योगका उद्यमीहरुको पारिवारीक वार्षिक खर्चलाई हेर्दा खर्चको अवस्था फरक फरक देखियो । केहि उद्यमीहरुको पारिवारीक वार्षिक आय बढी रहेकोले खर्च पनि बढी नै भएको तथा केहि उद्यमीहरुको पारिवारीक वार्षिक आय कम रहेकाले खर्च पनि कम मात्रामा नै गर्ने गरेको पाइयो । उद्यमीहरुको पारिवारीक वार्षिक खर्चलाई तहगत रुपमा विभाजन गरी तलको तालिकामा देखाइएको छ ।

**तालिका १५**

**नमुना उद्यमीहरुको तहगत पारिवारिक वार्षिक खर्च**

| क्र.सं. | पारिवारिक वार्षिक खर्च विवरण (रु. मा) | उद्यमीको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ लाख ५० हजार सम्म | १५ | २६.३२ |
| २ | १ लाख ५० हजार देखी २ लाख सम्म | २३ | ४०.३५ |
| ३ | २ लाख देखी ३ लाख सम्म | १२ | २१.०५ |
| ४ | ३ लाख भन्दा माथि | ७ | १२.२८ |
| | **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका उद्यमीहरुको पारिवारीक खर्च हेर्दा १ लाख ५० हजार देखी २ लाख सम्म बार्षिक खर्च गर्ने उद्यमीहरु सर्वाधिक ४०.३५ प्रतिशत रहेका छन् । त्यस्तै १ लाख ५० हजार सम्म खर्च गर्न उद्यमीहरु २६.३२ प्रतिशत, २ लाख देखाी ३ लाख सम्म खर्च गर्ने उद्यमीहरु २१.०५ प्रतिशत र ३ लाख भन्दा माथि खर्च गर्ने उद्यमीहरु १२.२८ प्रतिशत रहेका छन् ।

### (२) **क्षेत्रगत खर्च (Sector wise Expenditure)**

उद्यमीहरुले विभिन्न क्षेत्रबाट प्राप्त भएको आम्दानीलाई एउटै मात्र क्षेत्रमा खर्च गर्ने गरेका छैनन् । विभिन्न आवस्यकता परिपूर्तीको लागी उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्य जस्ता विभिन्न क्षेत्रहरुमा उनीहरुले खर्च गर्ने गरेका छन् । उद्यमीहरुले गरेको कुल बार्षिक पारिवारीक खर्चलाई कुल उद्यमी संख्याले भाग गरी औषत बार्षिक पारिवारीक खर्च निकालिएको छ भने औषत बार्षिक पारिवारीक खर्चलाई १२ ले भाग गरी औषत मासिक पारिवारीक खर्च निकालिएको छ । यस अध्ययनको लागी नमुना छनौटमा परेमा उद्यमीहरुको वार्षिक पारिवारीक खर्चलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका १६**

**उद्यमीहरुको क्षेत्रगत पारिवारीक वार्षिक खर्च विवरण**

| क्र.सं. | पारिवारीक वार्षिक खर्चको क्षेत्रहरु | खर्च रकम (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | उपभोग | ४७८८००० | ४७.४६ |
| २ | शिक्षा | २५९९२०० | २५.७६ |
| ३ | चाडपर्व | १०२६००० | १०.१७ |
| ४ | स्वास्थ्य | ११२८६०० | ११.१९ |
| ६ | अन्य | ५४७२०० | ५.४२ |
| | **जम्मा** | **१००८९०००** | **१००.००** |
| | औषत बार्षिक खर्च प्रति परिवार | १७७००० | |
| | औषत मासिक खर्च प्रति परिवार | १४७५० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार उद्यमीहरुले आफ्नो आम्दानीलाई उपभोगको क्षेत्रमा ४७.४६ प्रतिशत, शिक्षाको क्षेत्रमा २५.७६ प्रतिशत, चाडपर्वको क्षेत्रमा १०.१७ प्रतिशत,

स्वास्थ्यको क्षेत्रमा ११.१९ प्रतिशत तथा अन्य क्षेत्रहरुमा  ५.४२ प्रतिशत खर्च गर्ने गरेका छन् । उद्यमीहरुको औषत बार्षिक खर्च प्रति परिवार रु. १७७००० रहेको छ भने मासिक खर्च प्रति परिवार रु. १४७५० रहेको छ ।

### ४.४.३ नमुना उद्यमीहरुको पारिवारीक बार्षिक बचत (Yearly Family Savings of Sample Intrepreneur)

अध्ययन क्षेत्रमा रहेका नमुना उद्यमीहरुको पारिवारहरुको बार्षिक पारिवारीक बचतको स्थिती हेर्दा ३ जना उद्यमीहरुको आम्दानी र खर्च बराबर भइ बचत नहुने गरेको पाइयो भने अन्य सबै उद्यमीहरुले केही न केही बचत गर्ने गरेको पाइयो । उद्यमीहरुले गरेको कुल बार्षिक पारिवारीक बचतलाई कुल उद्यमी संख्याले भाग गरी औषत बार्षिक पारिवारीक बचत निकालिएको छ भने औषत बार्षिक पारिवारीक बचतलाई १२ ले भाग गरी औषत मासिक पारिवारीक बचत निकालिएको छ । उद्यमीहरुको पारिवारीक बार्षिक बचतको अवस्थालाई निम्न तालिकाबाट प्रष्ट देखाउन सकिन्छ ।

**तालिका १७**

**नमुना उद्यमीहरुको पारिवारीक वार्षिक बचतको अवस्था**

| क.सं. | वार्षिक बचत विवरण (रु.मा) | उद्यमीको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बचत नहुने | ३ | ५.२६ |
| २ | १ लाख सम्म | १९ | ३३.३३ |
| ३ | १ लाख देखी १ लाख ५० हजार सम्म | २१ | ३६.८४ |
| ४ | १ लाख ५० हजार देखी २ लाख सम्म | ९ | १५.७९ |
| ५ | २ लाख भन्दा माथि | ५ | ८.७७ |
| | **जम्मा** | **५७** | **१००** |
| | कुल बार्षिक बचत | ६०७११८४ | |
| | औषत बार्षिक बचत प्रति परिवार | १०६५१२ | |
| | औषत मासिक बचत प्रति परिवार | ८८७६ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार ३ जना उद्यमीहरु अर्थात ५.२६ प्रतिशत उद्यमीका परिवारले बचत गर्न सकेका छैनन् । त्यस्तै ३३.३३ प्रतिशत उद्यमीहरुले बार्षिक रुपमा रु १ लाख

सम्म, ३६.८४ प्रतिशत उद्यमीहरुले बार्षिक १ लाख देखी १ लाख ५० हजार सम्म, १५.७९ प्रतिशत उद्यमीहरुले १ लाख ५० हजार देखी २ लाख सम्म  र ८.७७ प्रतिशत उद्यमीहरुले २ लाख भन्दा माथि बार्षिक पारिवारीक बचत गर्ने गरेका छन् । उद्यमीहरुको औषत बार्षिक वचत प्रति परिवार रु. १०६५१२ रहेको छ भने औषत मासिक बचत प्रति परिवार रु. ८८७६ रहेको छ ।

## ४.५ नमुना श्रमिकहरुको आर्थिक अवस्था (Economic Condition of Sample Labors)

यस अध्ययन क्षेत्रमा छनौटमा परेका नमुना उद्योगमा कार्यरत श्रमिकहरुको आर्थिक अवस्था अन्तरगत उनीहरुको वार्षिक आय, खर्च तथा वार्षिक वचतको अवस्थालाई समावेश गरिएको छ ।

### ४.५.१ नमुना श्रमिकहरुको पारिवारीक बार्षिक आय विवरण (Yearly Family Income of Sample Labours)

अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका श्रमिकहरुको पारिवारीक वार्षिक आम्दानीलाई तहगत र स्रोतगत रुपमा विभाजन गरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ ।

#### (१) तहगत आम्दानी (Layer base Income)

अध्ययन क्षेत्रमा रहेका श्रमिकहरुको परिवारले बार्षिक रुपमा रु १ लाख देखी रु ३ लाख भन्दा माथि सम्म पारिवारीक आय गर्ने गरेको पाइएको छ । यसलाई निम्नानुसार तलको तालिकामा देखाइएको छ ।

**तालिका १८**

**श्रमिकहरुको तहगत पारिवारीक बार्षिक आय**

| **क.सं.** | **पारिवारीक वार्षिक आम्दानी (रु. मा)** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | १ लाख देखी १ लाख ५० हजार सम्म | २३ | १८.४० |
| २ | १ लाख ५० हजार देखी २ लाख सम्म | ५५ | ४४.०० |
| ३ | २ देखी ३ लाख सम्म | ३५ | २८.०० |
| ४ | ३ लाख भन्दा माथि | १२ | ९.६० |
| | **जम्मा** | **१२५** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार वार्षिक १ लाख देखी १ लाख ५० हजार सम्म आम्दानी गर्ने श्रमिकहरुको परिवार १८.४० प्रतिशत रहेका छन् । त्यस्तै १ लाख ५० हजार देखी २ लाख सम्म ४४ प्रतिशत परिवार, त्यस्तै २ लाख देखी ३ लाखसम्म २८ प्रतिशत परिवारले र ३ लाख भन्दा माथि ९.६० प्रतिशत श्रमिक परिवारले बार्षिक पारिवारिक आम्दानी गर्ने गरेका छन् ।

(२) **स्रोतगत आम्दानी (Sector wise Income)**

अध्ययन क्षेत्रमा रहेका उद्योगहरुमा काम गर्ने श्रमिकहरुको परिवारले उद्योगका अतिरीक्त ब्यापार, कृषी, ज्याला मजदुरी, नोकरी वा जागीर आदि जस्ता विभिन्न स्रोतहरुबाट आय गर्ने गरेका छन् । श्रमिकहरुले गरेको कुल बार्षिक आम्दानीलाई कुल श्रमिक संख्याले भाग गरी औषत बार्षिक आम्दानी निकालिएको छ भने औषत बार्षिक आम्दानीलाई १२ ले भाग गरी औषत मासिक आम्दानी निकालिएको छ । श्रमिकहरुको स्रोतगत आम्दानीलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १९**

**श्रमिकहरुको स्रोतगत वार्षिक पारिवारीक आम्दानीको अवस्था**

| क्र.सं. | आम्दानीको स्रोत | जम्मा आम्दानी (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | उद्योग | ८२९६००० | ३८.८९ |
| २ | उद्योग र ब्यापार | ४३७४००० | २०.५० |
| ३ | उद्योग र कृषि | ४१८२००० | १९.६० |
| ४ | उद्योग र जागीर | १९१५००० | ८.९८ |
| ५ | उद्योग र ज्याला मजदुरी | २५६७००० | १२.०३ |
| | **जम्मा बार्षिक आम्दानी** | **२१३३४०००** | १००.०० |
| | औषत बार्षिक पारिवारिक आम्दानी | १७०६७२ | |
| | औषत मासिक पारिवारिक आम्दानी | १४२२३ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका उद्योगहरुमा काम गर्ने श्रमिकका परिवारहरुले उद्योगबाट मात्र ३८.८९ प्रतिशत आम्दानी गर्ने गरेका छन् । त्यस्तै उद्योग र ब्यापारबाट २०.५० प्रतिशत, उद्योग र कृषिबाट १९.६० प्रतिशत, उद्योग र जागीरबाट ८.९८ प्रतिशत तथा उद्योग र ज्याला मजदुरीबाट १२.०३ प्रतिशत आम्दानी प्राप्त गरेका छन् । यसरी हेर्दा श्रमिकहरुको औषत बार्षिक पारिवारीक आम्दानी रु. १७०६७२ रहेको छ भने औषत मासिक पारिवारीक आम्दानी रु १४२२३ रहेको छ ।

## ४.५.२ नमुना श्रमिकहरुको पारिवारीक वार्षिक खर्च विवरण (Yearly Family Expenditure of Sample Labours)

नमुना श्रमिकहरुको बार्षिक पारिवारिक खर्चको विश्लेषणका लागी तहगत रुपमा र क्षेत्रगत रुपमा गरिएको बार्षिक खर्चलाई आधार मानिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## (१) तहगत खर्च (Layer base Expenditure)

कुनै पनि घरपरिवार संचालनको लागी विभिन्न किसीमका खर्चको आवस्यकता पर्दछ । यस अध्ययनको लागी नमुना छनौट गरिएका श्रमिकहरुका परिवारको तहगत वार्षिक खर्चलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २०**

**नमुना श्रमिकहरुको तहगत पारिवारीक वार्षिक खर्च विवरण**

| क.सं. | पारिवारीक वार्षिक खर्च (रु.मा) | श्रमिक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ लाख देखी १ लाख ५० हजार सम्म | २९ | २३.२० |
| २ | १ लाख ५० हजार देखी २ लाख सम्म | ५२ | ४१.६० |
| ३ | २ लाख देखी २ लाख ५० हजार सम्म | ३० | २४.०० |
| ४ | २ लाख ५० हजार भन्दा माथि | १४ | ११.२० |
| | **जम्मा** | **१२५** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार रु १ लाख देखी १ लाख ५० हजार सम्म वार्षिक पारिवारिक खर्च गर्ने २३.२० प्रतिशत अर्थात २९ परिवारहरु रहेका छन् । त्यस्तै रु १ लाख ५० हजार देखी देखी २ लाख सम्म खर्च गर्ने ४१.६० प्रतिशत अर्थात ५२ परिवार, रु २ लाख देखी रु २ लाख ५० हजार सम्म खर्च गर्ने २४ प्रतिशत अर्थात ३० परिवार र रु २ लाख ५० हजार भन्दा माथि बार्षिक पारिवारीक खर्च गर्ने ११.२० प्रतिशत अर्थात १४ श्रमिक परिवारहरु रहेका छन् । अध्ययनका क्रममा अधिकांश श्रमिकहरुले रु १ लाख ५० हजार सम्म वार्षिक पारिवारीक खर्च गर्ने गरेको थाहा पाइएको छ ।

## (२) क्षेत्रगत खर्च (Sector base Expenditure)

श्रमिकहरुले विभिन्न क्षेत्रबाट प्राप्त भएको आम्दानीलाई विभिन्न आवस्यकता परिपूर्तीको लागी उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्य जस्ता विभिन्न क्षेत्रहरुमा उनीहरुले खर्च गर्ने गरेका छन् । श्रमिकहरुले गरेको कुल बार्षिक खर्चलाई कुल श्रमिक संख्याले भाग गरी

औषत बार्षिक खर्च निकालिएको छ भने औषत बार्षिक खर्चलाई १२ ले भाग गरी औषत मासिक खर्च निकालिएको छ । जसलाई निम्नानुसार तालिकाबाट देखाइएको छ ।

**तालिका २१**

**श्रमिकहरुको क्षेत्रगत पारिवारीक वार्षिक खर्च विवरण**

| क.सं. | खर्चको क्षेत्र | बार्षिक खर्च (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | उपभोग | ५३१६५०४ | ३९.३४ |
| २ | शिक्षा | ३५२३२७२ | २६.०७ |
| ३ | चाडपर्व | २०११६३६ | १४.८८ |
| ४ | स्वास्थ्य | १९१९६२२ | १४.२० |
| ६ | अन्य | ७४३४९६ | ५.५० |
| | **जम्मा** | **१३५१४५३०** | **१००.००** |
| | औषत बार्षिक खर्च प्रति परिवार | १०८११६ | |
| | औषत मासिक खर्च प्रति परिवार | ९०१० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार श्रमिकहरुको पारिवारिक बार्षिक खर्च अन्तरगत उपभोगमा सर्वाधिक खर्च हुने गरेको छ । उपभोगको क्षेत्रमा ३९.३४ प्रतिशत, शिक्षाको क्षेत्रमा २६.०७ प्रतिशत, चाडपर्वको क्षेत्रमा १४.८८ प्रतिशत, स्वास्थ्यको क्षेत्रमा १४.२० प्रतिशत तथा अन्य विविध क्षेत्रहरुमा ५.५० प्रतिशत बार्षिक रुपमा खर्च हुने गरेको छ । श्रमिकहरुको औषत बार्षिक पारिवारीक खर्च प्रति परिवार रु १०८११६ रहेको छ भने औषत मासिक पारिवारीक खर्च रु ९०१० हुने गरेको देखिएको छ ।

### ४.५.३ नमुना श्रमिकहरुको पारिवारीक वार्षिक बचतको अवस्था (Yearly Saving Condition of Sample Labours)

अध्ययन क्षेत्रका श्रमिकहरु मध्ये केही श्रमिक परिवारले आफ्नो आम्दानीबाट केहि न केही रकम बचत गर्ने गरेका पाइएको छ भने केहीले आफ्नो आम्दनानीबाट बचत गर्न सकेका छैनन् । कोहि कोहिले आफ्नो आम्दानीबाट खाना लाउन र छोरा छोरीको शिक्षामा खर्च गर्दा मुस्कीलले थोरै बचत हुने गरेको बताएका छन् भने कोहिले राम्रो गरी बचत गर्न सकेको बताएका छन् । श्रमिकहरुले गरेको कुल बार्षिक बचतलाई कुल श्रमिक संख्याले भाग गरी

औषत बार्षिक बचत निकालिएको छ भने औषत बार्षिक बचतलाई १२ ले भाग गरी औषत मासिक बचत निकालिएको छ । अध्ययन क्षेत्रका नमुना श्रमिकहरुको पारिवारीक बार्षिक बचतको विवरणलाई निम्नानुसार तलको तालिकामा देखाइएको छ ।

**तालिका २२**

**नमुना श्रमिकहरुको पारिवारीक वार्षिक बचतको अवस्था**

| क्र.सं. | पारिवारीक वार्षिक बचत (रु.मा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बचत नहुने | ८ | ६.४० |
| २ | ५० हजार भन्दा कम | ४३ | ३४.४० |
| ३ | ५० हजार देखी १ लाख सम्म | ५७ | ४५.६० |
| ४ | १ लाख देखी १ लाख ५० हजार सम्म | १५ | १२.०० |
| ५ | १ लाख ५० हजार भन्दा माथि | २ | १.६० |
| | **जम्मा** | **१२५** | **१००** |
| | कुल बार्षिक बचत | ३५६५६९२.०० | |
| | औषत बार्षिक बचत प्रति परिवार | ६२५५६.०० | |
| | औषत मासिक बचत प्रति परिवार | ५२१३ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार सबै श्रमिकहरुको परिवारले बचत गर्न सकेका छैनन् । कुल श्रमिकहरुको ६.४० प्रतिशत अर्थात ८ जना श्रमिकहरुले बचत नै गर्न सकेका छैनन् भने ९३.६० प्रतिशत श्रमिकहरुको परिवारले केहि न केही बचत गर्ने गरेका छन् । श्रमिकहरुको औषत बार्षिक बचत प्रति परिवार रु ६२५६६ रहेको छ भने औषत मासिक बचत प्रति परिवार रु ५२१३ रहेको छ ।

## ४.६ नमुना उद्यमी तथा श्रमिकहरुको शैक्षिक अवस्था ( Educational Condition of Sample Entrepreneur and Labour)

शैक्षिक अवस्था अन्तरगत नमुना उद्यमी तथा श्रमिकहरुको शैक्षिक अवस्था, पारिवारीक शैक्षिक अवस्था तथा उनीकहरुको बालबालिकाको विद्यालयगत शैक्षिक अवस्थालाई लिइएको छ ।

### ४.६.१ नमुना उद्योगका उद्यमीहरुको शैक्षिक अवस्था (Educational Condtion of Sample Enterpreneur)

यस अध्ययन क्षेत्रमा रहेका नमुना उद्यमीहरु मध्ये केहि पनि निरक्षर पाइएन सबै उद्यमीहरु साक्षर रहेको पाइयो । नमुना उद्यमीहरु सामान्य साक्षर देखी लिएर स्नातकोत्तर सम्म अध्ययन गरेको पाइएको छ। जसलाई निम्नानुसार तालिका बाट प्रष्ट रुपमा देखाइएको छ।

**तालिका २३**

**नमुना उद्यमीहरुको शैक्षिक अवस्था**

| क्र.सं. | शैक्षिक अवस्था | उद्यमीको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | – | – |
| २ | साक्षर | ५७ | १००.०० |
| | **जम्मा** | **५७** | **१००.००** |
| १ | सामान्य साक्षर | ७ | १२.२८ |
| २ | एस.एल.सी. सम्म | १३ | २२.८१ |
| ३ | प्रमाणपत्र तह | २६ | ४५.६१ |
| ४ | स्नातक तह | ९ | १५.७९ |
| ५ | स्नातकोत्तर तह | २ | ३.५१ |
| | **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका सबै उद्यमीहरु साक्षर रहेका छन् तसर्थ निरक्षर उद्यमीको संख्या खाली रहेको छ । उद्यमीहरुको तहगत शिक्षाको अवस्था हेर्दा १२.२८ प्रतिशत उद्यमीहरु सामान्य साक्षर रहेका छन् । त्यस्तै २२.८१ प्रतिशत उद्यमीहरुले एस.एल.सी. सम्मको शिक्षा, ४५.६१ प्रतिशत उद्यमीहरुले प्रमाणपत्र तह, १५.७९ प्रतिशतले स्नातक तह र ३.५१ प्रतिशत उद्यमीहरुले स्नातकोत्तर तहको अध्ययन गरेका छन् । यसरी उद्यमीहरुको शैक्षिक अवस्था हेर्दा राम्रो रहेको पाइएको छ ।

## ४.६.२ उद्यमीहरुको पारिवारीक शैक्षिक अवस्था ( Family Educational Condition of Enterpreneur

घरेलु तथा साना उद्योगका उद्यमीहरुको परिवारको शैक्षिक अवस्था भन्नाले तहगत रुपमा उनीहरुको परिवारको सदस्यहरुले प्राप्त गरेको शिक्षाको स्थितीलाई बुझाउँछ । नमुना उद्यमी परिवारका सदस्यहरुले कुन तह सम्मको शिक्षा प्राप्त गरेका छन् भन्ने कुरा तलको तालिकाबाट देखाइएको छ ।

**तालिका २४**

**उद्यमीहरुको पारिवारीक शैक्षिक अवस्था**

| क्र.सं. | पारिवारीक शैक्षिक अवस्था | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८ कक्षा सम्म | ७६ | २५.०० |
| २ | एस.एल.सी. सम्म | ९३ | ३०.५९ |
| ३ | प्रमाणपत्र तह | ७७ | २५.३३ |
| ४ | स्नातक | ४९ | १६.१२ |
| ५ | स्नातकोत्तर | ९ | २.९६ |
| | **जम्मा** | **३०४** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका उद्यमीका परिवारका सदस्यहरु मध्ये २५ प्रतिशतले ८ कक्षा सम्मको शिक्षा प्राप्त गरेका छन् । त्यस्तै ३०.५९ प्रतिशतले एस.एल.सी. सम्मको, २५.३३ प्रतिशतले प्रमाणपत्र तह सम्मको, १६.१२ प्रतिशतले स्नातक तह सम्मको र २.९६ प्रतिशतले स्नातकोत्तर तह सम्मको शिक्षा हासिल गरेका छन् । यसरी हेर्दा उद्यमीहरको पारिवारीक शैक्षिक अवस्था राम्रो रहेको देखिन्छ ।

## ४.६.३ नमुना उद्यमीहरुको बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Enterpreneur's Children)

अध्ययन क्षेत्रमा रहेका नमुना छनौटमा परेका उद्यमीहरुको बालबालिकाहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा पढ्दै गरेको शैक्षिक संस्था सम्बन्धि गरिएको अध्ययनमा सरकारी र नीजि गरी छुट्याइएको पाइयो । सरकारी विद्यालय भन्नाले सरकारी खर्चबाट सञ्चालित, शुल्क कम लाग्ने /नलाग्ने विद्यालय हो भने नीजि विद्यालय भन्नाले व्यक्ति वा समूहबाट

सञ्चालित, शुल्क बढी लाग्ने विद्यालय हो । कुल ५७ उद्यमीहरु मध्ये २ जना उद्यमीहरुको परिवारमा विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरु नभएकोले यस अध्ययनमा ५५ उद्यमीहरुको जम्मा ११३ जना बालबालिकाहरुलाई समावेश गरिएको छ । जस अनुसार हेर्दा धेरै उद्यमीहरुले सरकारी भन्दा नीजि विद्यालयहरुमा अध्ययनका लागी पठाएको देखियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त शैक्षिक संस्था सम्बन्धि विवरणलाई तलको तालिका तथा रेखाचित्रमा देखाइएको छ ।

**तालिका २५**

**नमुना उद्यमीहरुका बालबालिकाको विद्यालयगत शैक्षिक अवस्था**

| क्र.सं. | विवरण | उद्यमीको परिवार संख्या | प्रतिशत | बालबालिका संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सरकारी | २० | ३६.३६ | ४१ | ३६.२८ |
| २ | नीजि | २८ | ५०.९१ | ५५ | ४८.६७ |
| ३ | सरकारी र नीजि दुबैमा | ७ | १२.७३ | १७ | १५.०४ |
| | **जम्मा** | **५५** | **१००.००** | **११३** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका २१ अनुसार सरकारी विद्यालयमा २० उद्यमी परिवारले आफ्ना ४१ बालबालिका अर्थात ३६.२८ प्रतिशत बालबालिकालाई पढाएका छन् । त्यस्तै नीजि विद्यालयमा २८ उद्यमीहरुले ५५ जनालाई अर्थात ४८.६७ प्रतिशत तथा सरकारी र नीजि दुवैमा ७ उद्यमीहरुले १७ जना अर्थात १५.०४ प्रतिशत बालबालिकाहरुलाई पढाएका छन् ।

### ४.६.४ नमुना श्रमिकहरुको शैक्षिक अवस्था (Educational Condition of Sample Labours)

अध्ययनको क्रममा नमुना उद्योगमा कार्यरत श्रमिकहरुको शैक्षिक अवस्थालाई हेर्दा निरक्षर श्रमिकहरु पाइएनन् भने अधिकांश श्रमिकहरु सामान्य साक्षर रहेको पाइयो भने स्नातकोत्तर सकेर पनि घरेलु उद्योगमा काम गर्दै गरेको श्रमिकहरु पनि पाइएको छ । तलको तालिकामा नमुना श्रमिकहरुले प्राप्त गरेको शैक्षिक अवस्थालाई देखाइएको छ ।

तालिका २६

नमुना श्रमिकहरुको शैक्षिक अवस्था

| क.सं. | शैक्षिक अवस्था | श्रमिकको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | – | – |
| २ | साक्षर | १२५ | १००.०० |
| | **जम्मा** | **१२५** | **१००.००** |
| १ | सामान्य साक्षर | ४७ | ३७.६० |
| १ | एस.एल.सी. सम्म | ३१ | २४.८० |
| २ | प्रमाणपत्र तह | ३२ | २५.६० |
| ३ | स्नातक तह | १३ | १०.४० |
| ४ | स्नातकोत्तर तह | २ | १.६० |
| | **जम्मा** | **१२५** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार नमुना श्रमिकहरुमध्ये कोहि पनि निरक्षर रहेका छैनन् सबैजना श्रमिकहरु साक्षर रहेका छन् । कुल श्रमिकहरुमध्ये ४७ जना अर्थात ३७.६० प्रतिशत श्रमिकहरु सामान्य साक्षर वा आधारभुत तहको शिक्षा मात्र प्राप्त गरेका छन् । त्यस्तै ३१ जना अर्थात २४.८० प्रतिशत श्रमिकहरुले एस.एस.सी. सम्मको शिक्षा प्राप्त गरेका छन् त्यस्तै २५.६० प्रतिशतले प्रमाणपत्र तह, १०.४० प्रतिशतले स्नातक तह र २ जना अर्थात १.६० प्रतिशतले स्नातकोत्तर तह अध्ययन गरेका छन् । तथ्यांक हेर्दा सबैभन्दा बढी सामान्य साक्षर श्रमिक रहेका छन् भने सबैभन्दा कम स्नातकोत्तर तह अध्ययन गरेका श्रमिकहरु रहेका छन् ।

### ४.६.५ श्रमिकहरुको पारिवारीक शैक्षिक अवस्था ( Family Educational Condition of Labours)

घरेलु तथा साना उद्योगमा कार्यरत श्रमिकहरुको परिवारको शैक्षिक अवस्था भन्नाले तहगत रुपमा उनीहरुको परिवारको सदस्यहरुले प्राप्त गरेको शिक्षाको स्थितीलाई बुझाउँछ । नमुना श्रमिकका परिवारका सबै सदस्यहरु साक्षर रहेको पाइएको छ । उनीहरुले कुन तह सम्मको शिक्षा प्राप्त गरेका छन् भन्ने कुरा तलको तालिकाबाट देखाइएको छ ।

**तालिका २७**

**श्रमिकहरुको तहगत पारिवारीक शैक्षिक अवस्था**

| क.सं. | तहगत पारिवारीक शैक्षिक अवस्था | साक्षर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८ कक्षा सम्म | २६३ | ३९.९७ |
| २ | एस.एल.सी. सम्म | २२६ | ३४.३५ |
| ३ | प्रमाणपत्र तह | १०२ | १५.५० |
| ४ | स्नातक | ५६ | ८.५१ |
| ५ | स्नातकोत्तर | ११ | १.६७ |
| | **जम्मा** | **६५८** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका श्रमिकका परिवारका सदस्यहरु मध्ये ३९.९७ प्रतिशतले ८ कक्षा सम्मको शिक्षा प्राप्त गरेका छन् । त्यस्तै ३४.३५ प्रतिशतले एस.एल.सी. सम्मको, १५.५० प्रतिशतले प्रमाणपत्र तह सम्मको, ८.५१ प्रतिशतले स्नातक तह सम्मको र १.६७ प्रतिशतले स्नातकोत्तर तह सम्मको शिक्षा हासिल गरेका छन् । यसरी हेर्दा उद्यमीहरुको पारिवारीक शैक्षिक अवस्था राम्रो रहेको देखिन्छ ।

### ४.६.६ नमुना श्रमिकका बालबालिकाहरुको शैक्षिक अवस्था (Educational Condition of Sample Labors Children)

अध्ययन क्षेत्रमा रहेका नमुना छनौटमा परेका श्रमिकहरुका बालबालिकाहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा पढ्दै गरेका शैक्षिक संस्था सम्बन्धि गरिएको अध्ययनमा सरकारी र नीजि गरी छुट्याइएको थियो । कतिपय श्रमिकहरुले आफ्ना छोराछोरी सरकारी विद्यालयमा पढाएको, कतिपयले नीजि विद्यालयमा पढाएको र कतिपयले सरकारी र निजी दुबै विद्यालयहरुमा आफ्ना छोराछोरी पढाएको पाइयो । कम आम्दानी भएकोले तथा खर्चको अभावमा दुइ अथवा तीन जना छोराछोरी हुने श्रमिकहरुले आफ्ना छोराछोरी मध्ये कसैलाई सरकारी अनि कसैलाई निजी विद्यालयमा पढाएको पाइयो । विशेषगरी प्राथमिक तहसम्म नीजि विद्यालय पढाउने अनि माध्यमिक तथा उच्च तहको अध्ययनका लागी सरकारी

विद्यालयमा पढाउने गरेको पाइएको छ । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त शैक्षिक संस्था सम्बन्धि विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका २८**

**नमुना श्रमिकहरुको बालबालिका अध्ययन गर्ने विद्यालय विवरण**

| क.सं. | विवरण | परिवार संख्या | प्रतिशत | बालबालिका संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सरकारी | ४२ | ३३.६० | ९४ | ३४.४३ |
| २ | नीजि | ५५ | ४४.०० | ११७ | ४२.८६ |
| ३ | सरकारी र नीजि दुबैमा | २८ | २२.४० | ६२ | २२.७१ |
| | **जम्मा** | १२५ | १००.०० | २७३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार नमुना श्रमिकका बालबालिका अध्ययन गर्ने विद्यालय विवरण हेर्दा ४२ जना अर्थात ३३.६० प्रतिशत श्रमिकका बालबालिका सरकारी विद्यालयमा अध्ययन गर्ने गरेको पाइयो । त्यस्तै ५५ जना अर्थात ४४ प्रतिशत श्रमिकका बालबालिकाहरु नीजि विद्यालयमा पढ्ने गरेको र २८ जना अर्थात २२.४० प्रतिशत श्रमिकले बालबालिकाहरुलाई सरकारी र नीजि दुबै विद्यालयमा पढाउने गरेको पाइएको छ ।

## ४.७ नमुना उद्यमी तथा श्रमिकहरुका समस्याहरु तथा समाधानका उपायहरु (Problems and its Solution of Sample Entrepreneur and Labours)

### ४.७.१ उद्यमीहरुको समस्याहरु तथा समाधानका उपायहरु (Problems of Intrepreneur and its Remedies for Solution)

अध्ययन क्षेत्रमा संचालित घरेलु तथा साना उद्योगहरुले विभिन्न प्रकारका समस्याहरु भोग्नु परिरहेको कुरा उद्यमीहरुले बताएका छन् । पुँजीको अभाव, कच्चा पदार्थको अपर्याप्तता, दक्ष जनशक्तिको कमी, सरकारी संरक्षणको अभाव, सरल ऋण सुविधाको अभाव, बजारको अभाव, सरकारी सहयोगको कमी आदि जस्ता समस्याहरु यस क्षेत्रका उद्यमीहरुले भोगि रहेका छन् । यस्ता समस्याहरुको विभिन्न शिर्षकमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १. पुँजीको अभाव

यस अध्ययन क्षेत्रमा सञ्चालित अधिकांश उद्योगहरुलाई आफ्नो उत्पादन क्षमता बढाउन तथा उत्पादनका क्षेत्रहरु बढाउनका लागी पुँजीको अभाव रहेको समस्या भोगेको पाइएको छ । उत्पादनको विक्री वितरणबाट प्राप्त आयलाई खर्च गरी रहेको वचत पुँजीको निर्माणको लागी अपर्याप्त भएको समस्या देखिएको छ ।

### २. कच्चा पदार्थको अभाव

यस अध्ययन क्षेत्रमा रहेका फर्निचर उद्योग, बाँसका मुडा तथा अन्य सामग्रीहरु बनाउने उद्योग, नेपाली कागज बनाउने तथा प्रशोधन गर्ने उद्योग, छाला जुत्ता उद्योग जस्ता उद्योगहरुमा आवस्यक कच्चा पदार्थको अभाव रहेको पाइएको छ । शुरुका दिनहरुमा कच्च पदार्थको उपलब्धता सजिलै हुने भए पनि हालका दिनहरुमा कच्चा पदार्थहरु अभाव हुन थालेको र उपलब्ध भए पनि महँगो मूल्यमा किन्नु पर्ने भएकोले उत्पादन लागत समेत बढेको समस्या देखिएको छ ।

### ३. सरकारी संरक्षण र सहयोगको अभाव

यस अध्ययन क्षेत्रमा सञ्चालित अधिकांश घरेलु तथा साना उद्योगहरुले सरकारी स्तरबाट कुनै पनि पनि संरक्षण तथा सहयोगको कार्यक्रमहरु प्राप्त गर्न सकेका छैनन् । यस्ता घरेलु तथा साना उद्योगहरुको संरक्षण तथा प्रबर्द्धनका लागी विभिन्न नीतिहरु बने तापनि सहरकारी स्तरबाट प्राविधिक, ब्यवसायिक र प्रवर्द्धनात्मक रुपका टेवा पुग्ने खालका खासै केहि पनि सहयोग प्राप्त नभएको उद्योग सञ्चालनमा समस्या भएको उनीहरुले बताएका छन् ।

### ४. लोडसेडिङ्गको समस्या

घरेलु तथा साना उद्योगका लागी उर्जाको मुख्य स्रोत भनेको विद्युत नै हो । विद्युत विना कुनै पनि मेसिन तथा औजारहरु चल्न सक्दैन । तर वर्तमान समयमा बढ्दो लोड्सेडिङ्गको कारणले गर्दा माग अनुरुप वस्तुको उत्पादन गर्न उद्योगहरुले सकिरहेका छैनन् । लोड्सेडिङ्गको समयमा उत्पादन ठप्पै हुने गरेको छ भने लोड्सेडिङ्ग नभएको समयमा पनि विद्युत आपुर्ती अनियमित भइदिदा मेसिन तथा औजारहरुमा समस्या आउने तथा उत्पादन कार्यमा प्रत्यक्ष प्रभाव पर्ने समस्या देखिएको छ ।

### ५.	सरल ऋण सुविधाको अभाव

अधिकांश उद्यमीहरुले महँगो ब्याजदरमा पुँजी लगानी गरेको पाइएको छ । साहु महजन तथा आफन्तको बाट महँगो ब्याजदरमा ऋणलिनुपर्ने बाध्यता उनीहरको छ । बैंक तथा वित्तीय संस्थाहरुको संख्या वर्तमान अवस्थामा दिनानुदिन बढिरहे तापनि ऋण प्राप्त गर्नका लागी उनीहरुको त्यो झन्झटिलो प्रकृया पुरा गर्न नै समस्या भएको देखीएको छ यसरी सरल र सहज रुपमा ऋण प्राप्त नहुनु पनि एउटा जटिल समस्याको रुपमा रहेको छ ।

### ६.	तालिम सम्बन्धि समस्या

मानिसको ज्ञान, सीप र क्षमतामा वृद्धि गर्नका लागि हरेक क्षेत्रमा तालिमको आवश्यकता पर्दछ । उद्यमी तथा श्रमिकहरुलाई यस्ता ज्ञान, सीप र क्षमताको विकास नभएमा अथवा तालिम नपाएमा उनीहरूले व्यवसायलाई उचित ढङ्गले सञ्चालन गर्न असमर्थ हुन्छन । गुणस्तरीय वस्तुहरुको उत्पादन तथा छोटो समयमा बढी भन्दा बढी वस्तुहरुको उत्पादनका लागी पनि उद्यमीहरु तथा श्रमिकहरुलाई ज्ञान तथा तालिम आवस्यक पर्दछ । केहि उद्यमी तथा श्रमिकहरुले तालिम प्राप्त गरे तापनी त्यो उत्पादन कार्यका लागी पर्याप्त नरहेको समस्या पाइएको छ ।

### ७.	बजार सम्बन्धि समस्या

उत्पादित वस्तुहरुलाई बजारमा पुर्‍याउन र विक्रि वितरण गर्न सकिएन भने उद्योगहरुनै बन्द हुने अवस्थामा पुग्न सक्छन् । स्थानिय स्तरमा ठूला बजारको अभाव भएकोले उद्योगहरुका उत्पादनहरु स्थानिय बजारमै कम मूल्यमा विक्री वितरण हुने गरेका छन् । स्थानिय स्तरमा ठुलो बजारको व्यवस्था नहुनु पनि एउटा समस्याको रुपमा रहेको छ ।

माथि उल्लेखित विभिन्न समस्याहरुको समाधानका लागी उद्यमीहरुबाट यससँग सम्बन्धित समस्या सामाधानका लागी प्रतिक्रिया एवं उपायहरु प्राप्त गर्दा निम्न समाधानका उपायहरु प्राप्त गरिएको छ ।

- उद्योग सञ्चालन गर्दा पुँजीको समस्या मुख्य समस्याको रुपमा देखिएको छ । पुँजी निर्माणका लागी सहुलियत दरमा ऋण सुविधाहरु उपलब्ध हुनुपर्ने, सरकारी सहयोग तथा अनुदानहरु प्राप्त हुनुपर्ने ।
- कच्चा पदार्थको उचीत व्यवस्था तथा उचीत मूल्य हुनुपर्ने ।
- सरकारबाट घरेलु तथा साना उद्योगहरुलाई प्रवर्द्धन तथा संरक्षण गर्ने किसीमका कार्यक्रमहरु सञ्चालन हुनपर्ने ।

- प्राविधिक तथा व्यवसायिक रुपमा दक्षता हासिल गर्ने किसीमका कार्यक्रमहरु सरकारी स्तरबाट सञ्चालन हुनुपर्ने ।
- बढ्दो लोडसेडिङ्ग तथा अनियमित विद्युत आपुर्तिले लघु तथा घरेलु उद्योगहरुलाई समस्या उत्पन्न भएकोले विशेष व्यवस्थाका साथमा नियमित रुपमा विद्युत आपूर्ति हुनुपर्ने ।
- सरल तथा उचीत ब्याजदरमा घरेलु तथा साना उद्योगमा लगानीका लागी सहज रुपमा ऋण प्राप्त हुनुपर्ने ।
- उद्यमी तथा श्रमिकहरुको दक्षतामा अभिबृद्धिका लागी आवस्यक विभिन्न किसिमका शिक्षा तथा तालिमको व्यवस्था हुनुपर्ने ।
- स्थानिय बजारको मात्र भर पर्नुपर्ने समस्या भएकोले बजारलाई विस्तार गर्दै जिल्ला बाहिर ठूला बजारहरुमा समेत विक्री वितरण गर्ने व्यवस्था हुनुपर्ने ।

### ४.७.२ श्रमिकहरुका समस्याहरु तथा समाधानका उपायहरु (Problems of Labours and its Remedies for Solution)

प्रस्तुत अध्ययन क्षेत्रका नमुना श्रमिकहरुले आफू कार्यरत उद्योगमा आफ्नो कामको सम्बन्धमा विभिन्न समस्याहरु भोग्नु परिरहेको बताएका छन् । नमुना श्रमिकहरुले एक भन्दा बढी समस्याहरु रहेको बताएका छन् । ज्याला कम प्राप्त हुनु, ज्यालाबाहेक अन्य तलब सुविधा प्राप्त नहुनु, विदाको सुविधा कम हुनु, बिमा नहुनु, औषधि खर्च नहुनु, रोजगारीको ग्यारेन्टी नहुनु, ज्याला भन्दा बढी काम गर्नुपर्ने, तालिमको अभाव, श्रम शोषण, मान सम्मानको अभाव जस्ता समस्याहरु भोग्नु परिरहेको बताएका छन् । घरेलु तथा साना उद्योगमा कार्यरत श्रमिकहरुका मुख्य मुख्य समस्याहरुलाई निम्नानुसार विभिन्न शिर्षकहरुमा प्रस्तुत गरिएको छ ।

#### १. कम पारिश्रमिक

घरेलु तथा साना उद्योगका श्रमिकहरुले जीविकोपार्जनका लागी पुग्ने, उत्पादन अनुसार तथा कार्य समय अनुसार आफूहरुलाई कम पारिश्रमिक प्राप्त भएको बताएका छन् । काम अनुसारको उचीत पारिश्रमिक श्रमिकहरुले पाउन नसकेको समस्या पाइएको छ ।

## २. तालिमको अभाव

श्रमिकहरुले आफूहरुलाई कार्यदक्षता सम्बन्धि खासै ज्ञान तथा तालिमको कार्यक्रम सञ्चालन नभएको बताएका छन् । तालिमको अभावमा आफूहरुको कार्यक्षमता कम भएको तथा तालिमको अभावमा गुणस्तरीय वस्तुउत्पादन हुन नसकेकोले उत्पादनमा असर भइ कम पारिश्रमिक प्राप्त भएको समस्या देखीएको छ ।

## ३. औषधी उपचार तथा बीमा नहुनु

उद्योगमा काम गरेको समयमा चोटपटक लाग्दा तथा विरामी भएका श्रमिकहरुलाई औषधी उपचारको कुनैपनि ब्यवस्था नहुने समस्या रहेको श्रमिकहरुले बताएका छन् । मेसिनसँग काम गर्नुपर्ने हुँदा कहिलेकाहिँ दुर्घटना भई शारीरिक अपांगता तथा अंगभंगता समेत हुने जोखिम भएपनि त्यसको लागी बीमाको समेत ब्यवस्था  नभएको समस्या देखिएको छ ।

## ४. रोजगारीको ग्यारेन्टी नहुने

उद्योगमा काम गर्दा श्रमिकको नियुक्ति र बर्खास्त उद्यमीको इच्छा अनुसार हुने भएकोले आफूहरुको रोजगारीको ग्यारेन्टी हुन नसकेको समस्या श्रमिकहरुको रहेको छ । काम गर्दाको समयमा अन्जानमा कुनै गल्ती भएमा पनि उद्योगबाट निकालिने हो कि भन्ने डरका साथ काम गर्नुपरेको समस्या देखिएको छ ।

## ५. मान सम्मानको अभाव

आफूहरुलाई उद्यमी तथा समूदायबाट पनि उचीत मान सम्मानको अभाव रहको समस्या श्रमिकहरुले देखाएका छन् । अन्य पेशा गर्ने मानिसहरुको जस्तो इज्जत र सम्मान आफूहरुले पाउन नसकेकोले पनि अझ बढी हौसलाका साथ काम गर्न नसकेको समस्या देखिएको छ ।

## ६. अन्य समस्याहरु

श्रमिकहरुले समयमा पारिश्रमिक नपाउने, विदाको सुविधा कम हुने, ज्याला वा तलब बाहेक अन्य भत्ता सुविधाहरु नहुने, मुनाफा अनुसारको बोनस प्राप्त नहुने, बृत्ति विकासको अवसरबाट बञ्चीत हुने जस्ता अन्य समस्याहरु पनि देखिएको पाइएको छ ।

यसरी अध्ययन क्षेत्रका श्रमिकहरुले विभिन्न समस्याहरु भोग्नु परिरहेको छ । त्यस्ता समस्याहरुले गर्दा श्रमिकहरुको काम गर्ने रुचीलाई निरुत्साहित गरि रहेको हुन्छ । ती समस्झाहरुलाई अनिवार्य रुपमा समाधान गर्नुपर्ने हुन्छ र ती समस्याहरुको समाधान गर्नका लागी उनीहरुले विभिन्न उपायहरु बताएका छन् जसलाई तल बुँदागत रुपमा उल्लेख गरिएको छ ।

- बजार भाउ अनुसार जीविको पार्जन गर्नका लागी पुग्ने गरी कार्यसमय तथा कामको गुणस्तर अनुसार तलब सुविधा उपलब्ध हुनुपर्ने ।
- श्रमिकहरुको उत्पादकत्वमा बृद्धि गर्न तथा गुणस्तरीय वस्तुहरु उत्पादनका लागी ज्ञान सीप अभिबृद्धि गर्ने किसीमका तालिमको ब्यवस्था हुनुपर्ने ।
- विदा, औषधी उपचार तथा बीमाको उचीत ब्यवस्था, काम गर्ने निश्चीत कार्य समयावधि, अतिरिक्त कामको लागी थप तलब सुविधा तथा समयमा पारिश्रमिक दिइनुपर्ने ।
- करार अथवा निश्चित समयावधिको लागी भएपनि रोजगारीको ग्यारेन्टी हुनुपर्ने जसले गर्दा श्रमिकहरुले कामबाट निकालिने डर नलिइ स्वतन्त्र सँग काम गर्ने वातावरण पाउन जसले गर्दा उद्यमीको इच्छानुसार काम बाट निकालीनु नपरोस् ।
- घरेलु तथा साना उद्योगमा काम गर्ने श्रमिकहरु प्रतिको उद्यमी, समाज तथा सम्पूर्ण पक्षले हेर्ने दृष्टीकोण समान हुनुपर्ने सबै पेशालाइ उचीत मान सम्मान तथा इज्जत दिनका लागी सरकारी तथा स्थानिय स्तरबाट जनचेतना र सम्मानको वातावरण हुनुपर्ने ।
- सरकारले श्रमिक समस्याहरुलाई समय सापेक्ष उचीत सम्बोधन हुने गरी नीति नियम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।

## ४.८ प्राप्तीको सारांश (Summary of Findings)

यो अध्ययन झापा जिल्लाको दुहागढी गा.वि.स. मा भएका घरेलु तथा साना उद्योगले उद्यमी तथा श्रमिकहरुको पारिवारीक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको बारेमा गरिएको छ ।

यस अध्ययन क्षेत्रमा रहेका ५७ वटा घरेलु तथा साना उद्योगहरुबाट  ५७ जना उद्यमी तथा १२५ जना श्रमिकहरु गरी जम्मा १८२ जनालाई प्रत्यक्ष रोजगारीको अवसर प्राप्त भएको छ । अत : यो रोजगार संख्याले त्यस क्षेत्रको आम्दानीमा पनि सकारात्मक प्रभाव पारेको छ । यस अध्ययनको सारांशलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ ।

- झापा जिल्लाको दुहागढी गा.वि.स. मा ५७ वटा घरेलु तथा साना उद्योगहरु सञ्चालित छन् ।
- यस क्षेत्रमा संचालित उद्योगहरुले २ जना देखी ७ जना सम्म उद्यमी तथा श्रमिकहरुलाई रोजगारी उपलब्ध गराएका छन् । जसबाट ५७ उद्यमी र १२५ श्रमिक गरी कुल १८२ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।
- यस क्षेत्रमा रु २ लाख देखी रु १० लाख भन्दा बढी रुपैयाँको लागानीमा घरेलु तथा साना उद्योगहरु सञ्चालित छन् । २ लाख सम्म लगानी गर्ने उद्योगहरु १०.५३ प्रतिशत,  २–५ लाख सम्म ४०.३५ प्रतिशत, ५–१० लाख सम्म ३३.३३ प्रतिशत र १० लाख भन्दा माथि १५.७९ प्रतिशत उद्योगले लगानी गरेका छन् ।
- नमुना उद्योगहरु मध्ये १५.७९ प्रतिशत उद्योगहरुले बार्षिक रुपमा रु ३ लाख सम्म, २८.०७ प्रतिशत उद्योगहरुले ३ देखी ५ लाख सम्म, ४०.३५ प्रतिशतले ५ देखी १० लाख सम्म र १५.७९ प्रतिशत उद्योगहरुले १० लाख भन्दा माथि बार्षिक रुपमा उत्पादन गर्ने गरेका छन् ।
- उद्योगहरुले बार्षिक रुपमा ३ लाख देखी १० लाख भन्दा माथि सम्म आम्दानी गर्ने गरेका छन् । १४.०४ प्रतिशत उद्योगहरुले रु. ३ लाख सम्म, २९.८२ प्रतिशतले ३ देखी ५ लाख सम्म, ४०.३५ प्रतिशत उद्योगहरुले ५ देखी १० लाख सम्म र १५.७९ प्रतिशत उद्योगहरुले रु १० लाख भन्दा माथि आम्दानी गरेका छन् । उद्योगहरुको औषत बार्षिक आम्दानी ७२५००० तथा औषत मासिक आम्दानी ६०१४६.६७ रहेको छ ।
- नमुना उद्योगहरुमध्ये ३ लाख भन्दा कम बार्षिक खर्च भएका उद्योगहरु १७.५४ प्रतिशत, ३ देखी ५ लाख सम्म ४२.११ प्रतिशत, ५ देखी १० लाख सम्म भएका ३१.५८ प्रतिशत र १० लाख भन्दा माथि खर्च भएका उद्योगहरु ८.७७ प्रतिशत

रहेका छन् । उद्योगहरुको बार्षिक औषत खर्च ५२७००० तथा औषत मासिक खर्च ४३९१६.६७ रहेको छ ।

- उद्योगहरु मध्ये ३.५१ प्रतिशत उद्योगहरुले बचत गर्न सकेका छैनन् भने ९६.४९ प्रतिशत उद्योगहरुले बचत गर्ने गरेका छन् । उद्योगहरुको औषत बार्षिक बचत रु. १९८००० तथा रु. १६५०० रहेको छ ।
- उद्यमीहरुको औषत पारिवारीक बार्षिक आम्दानी रु. २८३५०९ तथा औषत मासिक आम्दानी रु. २३६२६ रहको छ । त्यस्तै उद्यमीका परिवारहरुको आम्दानी मध्ये ६८.६३ प्रतिशत उद्योगबाट, २२.७८ प्रतिशत उद्योग र ब्यापारबाट, १३.८६ प्रतिशत उद्योग र कृषीबाट, ९.०३ प्रतिशत उद्योग र जागीरबाट तथा ५.६९ प्रतिशत उद्योग र ज्याला मजदुरीबाट आम्दानी गर्ने गरेका छन् ।
- नमुना उद्यमीहरु मध्ये बार्षिक १ लाख ५० हजार सम्म खर्च गर्ने उद्यमी परिवारहरु २६.३२ प्रतिशत, १ लाख ५० हजार देखी २ लाख सम्म ४०.३५ प्रतिशत, २ देखी ३ लाख सम्म २१.०५ र ३ लाख भन्दा माथि १२.२८ प्रतिशत उद्यमी परिवारले खर्च गर्ने गरेका छन् । त्यस्तै उद्यमीहरुको परिवारले बार्षिक रुपमा ४७.४६ प्रतिशत उपभोगमा, २५.७६ प्रतिशत शिक्षामा, १०.१७ प्रतिशत चाडपर्वमा, ११.१९ प्रतिशत स्वास्थ्यमा तथा ५.४२ प्रतिशत अन्यमा खर्च गर्ने गरेका छन् भने औषत बार्षिक पारिवारीक खर्च रु १७७००० तथा औषत मासिक खर्च प्रति परिवार रु. १४७५० रहेको छ ।
- नमुना उद्यमीहरु मध्ये ५.२६ प्रतिशत उद्यमीहरुले बचत नै गर्न सकेका छैनन् भने ९४.७४ प्रतिशत उद्यमीहरुले केहि न केही बचत गर्ने गरेका छन् ।
- श्रमिक परिवारहरुको बार्षिक आम्दानीको स्रोत अन्तरगत ३८.८९ प्रतिशतले उद्योगबाट २०.५० प्रतिशतले उद्योग र ब्यापारबाट, १९.६० प्रतिशतले उद्योग र कृषीबाट ८.९८ प्रतिशतले उद्योग र जागीरबाट १२.०३ प्रतिशतले उद्योग र ज्याला मजदुरीबाट आम्दानी गर्ने गरेका छन् । श्रमिकहरुको औषत बार्षिक पारिवारीक आम्दानी रु १७०६७२ रहेको छ भने औषत मासिक पारिवारीक आम्दानी १४२२३ रहेको छ ।
- श्रमिकहरुले आफ्नो पारिवारीक आम्दानीको ३९.३४ प्रतिशत उपभोगमा, २६.०७ प्रतिशत शिक्षामा, १४.८८ प्रतिशत चाडपर्वमा , १४.२० प्रतिशत स्वास्थ्यमा तथा

५.५० प्रतिशत अन्य क्षेत्रमा खर्च गर्ने गरेका छन् । त्यस्तै २३.२० प्रतिशत श्रमिक परिवारहरुले बार्षिक रुपमा १ लाख देखी १ लाख ५० हजार सम्म, ४१.६० प्रतिशतले १ लाख ५० हजार देखी २ लाख सम्म, २४ प्रतिशतले २ लाख देखी २ लाख ५० हजार सम्म र ११.२० प्रतिशत श्रमिकहरुले २ लाख ५० हजार भन्दा माथि सम्म खर्च गर्ने गरेका छन् । त्यस्तै नमुना श्रमिकहरुको औषत बार्षिक पारिवारीक खर्च रु १०८११६ रहेको छ भने औषत मासिक पारिवारीक खर्च रु. ९०१० रहेको छ ।

- नमुना श्रमिकहरु मध्ये ६.४० प्रतिशत श्रमिकहरुको बचत हुन नसकेको तथा बाँकी ९३.६० प्रतिशत श्रमिकहरुले केहि न केही बचत गर्ने गरेको देखीएको छ । श्रमिकहरुको औषत बार्षिक बचत रु. ६२५५६ तथा औषत मासिक बचत रु. ५२१३ रहेको छ ।
- अध्ययन क्षेत्रका उद्यमीहरु तथा श्रमिकहरुको शैक्षिक अवस्था हेर्दा सबै उद्यमी तथा श्रमिकहरु साक्षर देखिएका छन् ।
- अध्ययन क्षेत्रका उद्यमीहरु १२.२८ प्रतिशत सामान्य साक्षर तथा २२.८१ प्रतिशतले एस.एल.सी. सम्म अध्ययन गरेका छन् भने बाँकी सवै उद्यमीहरुले एस.एल.सी. भन्दा माथिको उच्च शिक्षा प्राप्त गरेका छन् त्यस्तै उद्यमीहरुको पारिवारीक शैक्षिक अवस्था हेर्दा ५५ प्रतिशत भन्दा बढीले एस.एल.सी. भन्दा मुनिको शिक्षा प्राप्त गरेका छन् भने ४५ प्रतिशतले एस.एल.सी. भन्दा माथिको उच्च शिक्षा प्राप्त गरेका छन् ।
- श्रमिकहरु मध्ये ३७.६० प्रतिशत सामान्य साक्षर छन् २४.८० प्रतिशतले एस.एल.सी. सम्म, ३७.६० प्रतिशत सम्मले मात्र एस.एल.सी. माथिको उच्च शिक्षा प्राप्त गरेका छन् । त्यस्तै श्रमिकहरुको पारिवारीक शैक्षिक अवस्था हेर्दा ७४.३२ प्रतिशतले एस.एल.सी. सम्मको मात्र शिक्षा प्राप्त गरेका छन् भने बाकी २४.६८ प्रतिशतले मात्र एस.एल.सी. भन्दा माथिको उच्च शिक्षा प्राप्त गरेका छन् ।
- अध्ययन क्षेत्रका उद्यमीका बालबालिकाहरु मध्ये ३६.२८ प्रतिशत सरकारी, ४८.६७ प्रतिशत नीजि र १५.०४ प्रतिशत सरकारी र नीजि दुवै विद्यालयहरुमा अध्ययन गर्ने गरेका छन् । त्यस्तै श्रमिकहरुका बालबालिकाहरु मध्ये ३४.४३ प्रतिशत सरकारी,

४२.८६ प्रतिशत नीजि, तथा २२.७१ प्रतिशत सरकारी र नीजि दुवै विद्यालयहरुमा अध्ययन गर्ने गरेका छन् ।

- नमुना उद्यमीहरुले पुँजीको अभाव, कच्चा पदार्थको अभाव, सरकारी संरक्षणको अभाव, लोडसेडिङ्गको समस्या, सरल ऋण सुविधा अभाव, तालिमको अभाव, बजारको समस्या जस्ता समस्याहरु भोगिरहेका छन् । यस्ता समस्याहरुको समाधानका लागी सहुलियतपूर्ण र सरल ब्याजदरमा सरकारले ऋण तथा अनुदानको ब्यवस्था गर्नुपर्ने, कच्चा पदार्थको उचीत प्रबन्ध हनुपर्ने, विद्युत आपूर्ति निरन्तर हुनुपर्ने, तालिमको ब्यवस्था हुनुपर्ने, आधुनिक मेसिन र औजारहरुको प्रबन्ध हुनुपर्ने देखिन्छ ।
- अध्ययन क्षेत्रका नमुना श्रमिकहरुले कम पारीश्रमिक, तालिमको अभाव, औषधी उपचार तथा बीमाको ब्यवस्था नहुनु, रोजगारीको ग्यारेन्टी नहुनु, मान सम्मानको अभाव जस्ता मुख्य मुख्य समस्याहरु भोग्नु परीरहेको छ । यस्ता समस्याहरुको समाधानका लागी पारीश्रमिकको उचीत ब्यवस्था हुनुपर्ने, ज्ञान शीप अभिबृद्धि गर्ने किसीमका तालिमहरुको ब्यवस्था हुनुपर्ने, औषधी उपचार तथा बीमाको ब्यवस्था हुनुपर्ने, रोजगारीको ग्यारेन्टी हुनुपर्ने, कार्यसमय निश्चीत हुनुपर्ने, समयमै तलब भत्ता तथा अतिरिक्त र राम्रो काम बापतको प्रोत्साहन भत्ता तथा बोनस उपलब्ध हुनुपर्ने देखिन्छ ।

# CHAPTER - FIVE

## अध्याय-पाँच

## ५ निष्कर्ष र सुझावहरु (Conclusion and Recommendations)

### ५.१ निष्कर्षहरु (Conclusions)

झापा जिल्लाको दुहागढी गा.वि.स. क्षेत्रभित्र संचालित घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुको आर्थिक तथा शैक्षिक अवस्था पत्ता लगाउने उद्देश्यले गरिएको प्रस्तुत अध्ययबाट विभिन्न किसिमका निष्कर्षहरु प्राप्त गरिएको छ । उक्त निष्कर्षहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

- अध्ययन क्षेत्रमा सञ्चालित घरेलु तथा साना उद्योगहरुको वर्तमान अवस्था हेर्दा कुल ५७ वटा घरेलु तथा साना उद्योगहरुबाट ५७ उद्यमी र १२५ जना श्रमिक गरी कुल १८२ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गर्दै आएका छन् जसले यस क्षेत्रमा पर्याप्त रोजगारीको अवसर सिर्जना गरेको भएको प्रष्ट हुन आउँछ ।
- उद्योगहरुको औषत बार्षिक आम्दानी रु. ७२५००० हुनु तथा औषत बार्षिक खर्च रु. ५२७००० हुनु तथा औषत बार्षिक बचत रु. १९८००० हुनुले उद्योगहरुको आम्दानी, खर्च र बचतको अवस्था राम्रो भई आर्थिक अवस्था समेत राम्रो भएको प्रष्ट हुन्छ ।
- उद्यमीहरुको पारिवारीक आर्थिक अवस्था हेर्दा औषत पारिवारीक बार्षिक आम्दानी रु. २८३५०९ रहेको छ भने औषत पारिवारीक बार्षिक खर्च रु. १७७००० भइ औषत पारिवारीक बार्षिक बचत रु. १०६५१२ रहेको छ । यस तथ्यांकलाई हेर्दा घरेलु तथा साना उद्योगले उद्यमीहरुको परिवारको आम्दानी, बचत तथा जीवनस्तरमा समेत बृद्धि भइ आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।
- श्रमिकहरुको पारिवारीक आर्थिक अवस्था हेर्दा औषत पारिवारीक बार्षिक आम्दानी रु. १७०६७२ तथा औषत पारिवारीक बार्षिक खर्च रु. १०८११६ छ भने औषत पारिवारीक बार्षिक बचत रु. ६२५५६ रहेको छ । यसरी हेर्दा श्रमिकहरुले आम्दानीबाट खर्च गरी थोरै भएपनि बचत गर्न समेत सक्षम भएका छन् । यस

तथ्यांकलाई हेर्दा घरेलु तथा साना उद्योगले श्रमिकहरुको परिवारको आय, बचत तथा जीविकोपार्जनमा सकारात्मक प्रभाव पर्दछ भन्ने कुरा प्रष्ट हुन्छ ।

- नमुना क्षेत्रका सबैजना उद्यमी, श्रमिक तथा उनीहरुको परिवारहरु साक्षर रहेका छन् । तहगत शैक्षिक अवस्था हेर्दा एस.एल.सी. सम्मको शिक्षा पाउने उद्यमीहरु ३५.०९ प्रतिशत, उद्यमी परिवारहरु ५५.५९ प्रतिशत तथा श्रमिकहरु ६२.४० प्रतिशत र श्रमिक परिवारहरु ७४.३२ प्रतिशत रहेका छन् । त्यस्तै एस.एल.सी. भन्दा माथिको शिक्षा प्राप्त गर्ने उद्यमीहरु ६४.९१ प्रतिशत, उद्यमी परिवारहरु ४४.४१ प्रतिशत तथा श्रमिकहरु ३७.६० प्रतिशत र श्रमिक परिवारहरु २५.६८ प्रतिशत रहेका छन् । यसरी हेर्दा उद्यमी तथा उद्यमी परिवारहरुको शैक्षिक स्थिती राम्रै रहेको देखिन्छ भने श्रमिक तथा श्रमिक परिवारहरुको शैक्षिक स्थिती भने मध्यम मात्र रहेको देखिन्छ ।
- अध्ययन क्षेत्रका उद्यमीहरु मध्ये ५०.९१ प्रतिशत उद्यमीहरुले बालबालिकाहरुलाई नीजि विद्यालयमा, ३६.३६ प्रतिशतले सरकारी विद्यालयमा तथा १२.७३ प्रतिशतले कसैलाई नीजि र कसैलाई सरकारी विद्यालयमा पढ्न पठाउने गरेको पाइयो । त्यस्तै ४४ प्रतिशत श्रमिकहरुको बालबालीकाहरुलाई नीजि विद्यालयमा, ३३.६० प्रतिशतले सरकारी विद्यालयमा र २२.४० प्रतिशत श्रमिकहरुले कसैलाई सरकारी र कसैलाई नीजि विद्यालयमा पढ्न पठाउने गरेको पाइएकोले सबै उद्यमी तथा श्रमिकहरुको आम्दानी राम्रो तथा सबैजना शिक्षीत भएको हुँदा त्यसको प्रभाव स्वरुप उनीहरुको बालबालिकाको शिक्षामा समेत सकारात्मक प्रभाव परेको प्रष्ट हुन्छ ।
- नमुना उद्यमीहरुले पुँजीको अभाव, कच्चा पदार्थको अभाव, सरकारी संरक्षणको अभाव, लोडसेडिङ्गको समस्या, सरल ऋण सुविधा अभाव, तालिमको अभाव, बजारको समस्या जस्ता समस्याहरु भोगिरहेका छन् । यस्ता समस्याहरुको समाधानका लागी सहुलियतपूर्ण र सरल ब्याजदरमा सरकारले ऋण तथा अनुदानको ब्यवस्था गर्नुपर्ने, कच्चा पदार्थको उचीत प्रबन्ध हनुपर्ने, विद्युत आपूर्ति निरन्तर हुनुपर्ने, तालिमको ब्यवस्था हुनुपर्ने, आधुनिक मेसिन र औजारहरुको प्रबन्ध हुनुपर्ने जस्ता सुझावहरु दिएकाले यी कुराहरुको समाधान भएमा घरेलु तथा साना उद्योगको विकास एवं विस्तार हुने देखिन्छ ।

- अध्ययन क्षेत्रका नमुना श्रमिकहरुले कम पारीश्रमिक, तालिमको अभाव, औषधी उपचार तथा बीमाको व्यवस्था नहुनु, रोजगारीको ग्यारेन्टी नहुनु, मान सम्मानको अभाव जस्ता मुख्य मुख्य समस्याहरु भोग्नु परीरहेको छ । यस्ता समस्याहरुको समाधानका लागी पारीश्रमिकको उचीत व्यवस्था हुनुपर्ने, ज्ञान शीप अभिबृद्धि गर्ने किसीमका तालिमहरुको व्यवस्था हुनुपर्ने, औषधी उपचार तथा बीमाको व्यवस्था हुनुपर्ने, रोजगारीको ग्यारेन्टी हुनुपर्ने, कार्यसमय निश्चीत हुनुपर्ने, समयमै तलब भत्ता तथा अतिरिक्त र राम्रो काम बापतको प्रोत्साहन भत्ता तथा बोनस उपलब्ध हुनुपर्ने, घरेलु तथा साना उद्योगहरुमा काम गर्ने श्रमिकहरु प्रति सबैपक्षको सम्मानपूर्ण दृष्टिकोण हुनुपर्ने तथा सरकारले श्रमिकहरुको हितमा नीति तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको खण्डमा घरेलु तथा साना उद्योगहरुको समस्या समाधान भई उद्योगको विकास एवं विस्तार हुने निश्चीत देखिन्छ ।

यसरी हेर्दा घरेलु तथा साना उद्योगहरुको सञ्चालनले रोजगारीका अवसरहरु सिर्जना गरिरहेको छ । उद्योगको सञ्चालनबाट उद्यमी तथा श्रमिकहरुको आयआर्जनमा बृद्धि भई जीविकोपार्जन गर्न सहज हुनुका साथै शिक्षामा समेत लगानी बढ्न गइ सकारात्मक प्रभाव पार्दछ भन्ने कुरा प्रस्तुत शोधको निष्कर्ष रहेको छ ।

## ५.२ सुझावहरु (Recommendations)

माथि गरिएको अध्ययनका आधारमा घरेलु तथा साना उद्योगीहरुको विकास एवं विस्तार गर्दै उत्पादनमुखी बनाउन नीति निर्माता र त्यससँग सम्बन्धित पक्षलाई निम्न अनुसार सुझावहरू प्रस्तुत गरिन्छ ।

### ५.२.१ नीति सम्बन्धी सुझावहरु (Policy Related Recommendations)

घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुको आर्थिक तथा शैक्षिक अवस्था अध्ययन गर्दा नीतिगत रुपमा निम्न कुराहरु अपनाउनु पर्ने देखिएको छ ।

- अध्ययन क्षेत्रमा सञ्चालित ५७ वटा उद्योगहरुबाट ५७ जना उद्यमीहरु तथा १२५ जना श्रमिकहरु गरी १८२ जनाले प्रत्यक्ष रोजगारी पाएको देखिएको छ । त्यसैले घरेलु तथा साना उद्योगले रोजगारीको अवसरमा सिर्जना गर्ने भएकोले यस्ता

उद्योगहरुको स्थापना तथा सञ्चालनका लागी प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्दै यस्ता उद्योगहरुको संरक्षण र संवर्द्धनमा सहयोगी नीति निर्माणका गरी लागु गर्नुपर्दछ ।

- अध्ययन क्षेत्रमा सञ्चलित घरेलु तथा साना उद्योगका सबै उद्यमी तथा श्रमिकहरु साक्षर भएपनि ६२.४० प्रतिशत श्रमिकहरुले तथा ३५.०९ प्रतिशत उद्यमीहरुले एस.एल.सी. सम्मको मात्र शिक्षा प्राप्त गरकोले उनीहरुलाई उद्योग सञ्चालनमा तथा उत्पादनमा क्षमता र दक्षता अभिबृद्धि गर्ने खालका शिक्षा तथा तालिमहरुको उचीत व्यवस्थाका लागी सुझाव दिइन्छ ।
- नमुना उद्यमीहरुले पुँजीको अभाव, कच्चा पदार्थको अभाव, सरकारी संरक्षणको अभाव, लोडसेडिङ्गको समस्या, सरल ऋण सुविधा अभाव, तालिमको अभाव, बजारको समस्या जस्ता समस्याहरु भोगिरहेका छन् भने श्रमिकहरुले कम पारीश्रमिक, तालिमको अभाव, औषधी उपचार तथा बीमाको ब्यवस्था नहुनु, रोजगारीको ग्यारेन्टी नहुनु, मान सम्मानको अभाव जस्ता मुख्य समस्याहरु भोग्नु परीरहेको छ त्यसैले उद्यमी तथा श्रमिकहरुले भोगिरहेका यस्ता यस्ता समस्याहरुको समाधानका लागी सहुलियतपूर्ण र सरल ब्याजदरमा सरकारले ऋण तथा अनुदानको ब्यवस्था, तालिमहरुको ब्यवस्था, औषधी उपचार तथा बीमाको ब्यवस्था हुनुपर्ने, कार्यसमय निश्चीत हुनुपर्ने, रोजगारीको ग्यारेन्टी, घरेलु तथा साना उद्योगहरुमा काम गर्ने श्रमिकहरु प्रति सबैपक्षको सम्मानपूर्ण दृष्टिकोण हुनुपर्ने तथा सरकारले उद्यमी र श्रमिकहरुको हितमा नीति तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागी सुझाव दिइएको छ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendations)

यस अध्ययन क्षेत्रमा रहेका घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुले प्रयोगात्मक रुपमा निम्न कुराहरुलाई सुधार गर्नुपर्ने देखिन्छ ।

- अध्ययन क्षेत्रका उद्योगहरुको औषत बार्षिक बचत रु. १९८००० तथा उद्यमीहरुको औषत पारिवारीक बार्षिक बचत रु. १०६५१२ रहेकोले सो बचत

रकमलाई उद्यमीहरुले पुँजीको रुपमा पुनः लगानी गर्न सुझाव दिइएको छ । किनभने बचतलाई पुँजीको रुपमा लगानी गर्नाले उद्योगको विस्तार हँदै उत्पादन बढाउन सकिन्छ । जस्ले गर्दा उद्योगको आम्दानीमा समेत बृद्धि हुन जान्छ ।

- उद्यमी तथा श्रमिकहरु सबै साक्षर भएपनि उद्यमीलाई अझ कुशल ब्यवस्थापन गरी उद्योग सञ्चालन गर्न तथा श्रमिकहरुको उत्पादन कार्यलाई अझ गुणस्तरीय तथा धेरै उत्पादनकाका लागी आवस्यक शिक्षा तथा उत्पादनका नयाँ नयाँ प्रविधिहरु सम्बन्धि ज्ञान तथा तालिमहरु सञ्चालन गर्न सुझाव दिइएको छ ।
- श्रमिकहरुले औषधी उपचार तथा बीमाको ब्यवस्था नहुनु, रोजगारीको ग्यारेन्टी नहुनु, मान सम्मानको अभाव जस्ता मुख्य समस्याहरु भोग्नु परीरहेको छ त्यसैले उद्यमीहरुले यस्ता समस्याहरुको समाधानका लागी औषधी उपचार तथा बीमाको ब्यवस्था गरिदिनुपर्ने, कार्यसमय निश्चीत गरिदिनुपर्ने, रोजगारीको ग्यारेन्टी गरिदिनुपर्ने, श्रमिकहरु प्रति सम्मानपूर्ण दृष्टिकोण राखी उत्पादनमा सदैव प्रोत्साहित गरिनु पर्ने सुझाव दिइएको छ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझाव (Further Research Related Recommendations)

झापा जिल्लाको दुहागढी गा.वि.स. मा सञ्चालित घरेलु तथा साना उद्योगहरुमा संलग्न उद्यमी तथा श्रमिकहरुको आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषणमा यो अनुसन्धान केन्द्रित रहेको छ । यस अध्ययन घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुको आर्थिक र शैक्षिक गतिविधिसँग मात्र सम्बन्धित रहेको छ । आगामी अनुसन्धानकर्ताले अनुसन्धानका लागी निम्न कुराहरुलाई आधार बनाउँदा राम्रो हुन्छ ।

- घरेलु तथा साना उद्योगमा कार्यरत महिला श्रमिकहरुको अध्ययन गर्न सकिने ।
- घरेलु तथा साना उद्योगले रोजगारीमा पारेको प्रभावको अध्ययन गर्न सकिने ।
- झापा जिल्लाको दुहागढी गा.वि.स. मा सञ्चालित सिलाई उद्योगहरुको अध्ययन गर्न सकिने ।

## सन्दर्भग्रन्थ सूची (Refrences)


अर्याल, शशिराज (२०६९), *लघु तथा घरेलु उद्योगले रोजगारी र शिक्षामा पारेको प्रभाव,* दक्षिणकाली गा.वि.स., काठमाण्डौ, अप्रकाशित शोधपत्र अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

राई, चन्द्रकुमार (२०६२), *घरेलु तथा साना उद्योगले रोजगारी र शिक्षामा पारेको प्रभाव : एक अध्ययन,* त्रियुगा नगरपालिका, उदयपुर, अप्रकाशित शोधपत्र अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

धिताल, मिस्टर, (२०६४), *कृषि र घरेलु तथा साना उद्योगमा संलग्न परिवारको आर्थिक र शैक्षिक स्थितिको तुलनात्मक अध्ययन,* नारेश्वर गा.वि.स. गोरखा, अप्रकाशित शोधपत्र अर्थशास्त्र शिक्षा विभाग त्रि.वि.वि., कीर्तिपुर ।

सापकोटा, सविता (२०६४) *घरेलु तथा साना उद्योगले रोजागरी र शिक्षामा पारेको प्रभाव : एक अध्ययन,* महेन्द्रनगर गा.वि.स. सुनसरी, अप्रकाशित सोधपत्र अर्थशास्त्र शिक्षा विभाग त्रि.वि.वि., कीर्तिपुर ।

पौडेल, मिनराज र पौडेल, सुरेन्द्र (२०६८), *अर्थशास्त्र,* काठमाण्डौ : एम.के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

श्रेष्ठ, विनोद बहादुर, *"सरकारको स्पष्ट नीति चाहिन्छ,"* (विचार/विवेचना), कान्तिपुर पत्रिका, जेठ २०६२ ।

रेग्मी, रक्षा (२०७० मंसिर १०) *"६० प्रतिशत घरेलु तथा साना उद्योग सेवामूलक"* (समाचार), आर्थिक अभियान राष्ट्रिय दैनिक ।

प्रधान, सुरेश (२०७२ भदौ १५) *"लघु, घरेलु तथा साना उद्योगका अवस्था र समस्या",* नयाँ पत्रिका राष्ट्रिय दैनिक ।

लुइटेल, चक्रपाणि, *"समकालीन विकास अर्थशास्त्र तथा नेपालको अर्थशास्त्र"* काठमाण्डौ : प्रधान बुक हाउस, प्रथम संस्करण २०६२ ।

मानन्धर, रचना (२०६६), लघु तथा घरेलु उद्योग सञ्चालन गर्ने महिला उद्यमिहरुको आर्थिक तथा शैक्षिक अवस्था : एक अध्ययन, सीतापाईला गा.वि.स. काठमाण्डौ, अप्रकाशित शोधपत्र अर्थशास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

सुवेदी, सोमलाल (२०६९) *नेपालमा श्रम बजार व्यवस्थापन र श्रम प्रशासनका चुनौतीहरु श्रम बुलेटिन वर्ष ४ अंक १ :* श्रम तथा रोजगार मन्त्रालय श्रम विभाग मिनभवन, काठमाण्डौ ।

तुम्वाहाम्फे, हेमा (२०६२), *महिलाहरुको सामाजिक आर्थिक उत्थानमा ढाका कपडा उद्योगको देन, काठमाण्डौ* : अप्रकाशित शोधपत्र अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

उपाध्याय, डिल्लीराज (२०६२), *महिला उद्यमशिलता र लघुवित्त कार्यक्रम, यसले महिलाको सामाजिक, आर्थिक क्षेत्रमा परेको प्रभाव, काठमाण्डौ* : अप्रकाशित शोधपत्र अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

*औद्योगिक नीति (२०४९),* काठमाण्डौ : नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग ।

*औद्योगिक नीति (२०६७),* काठमाण्डौ : नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग ।

आर्थिक सर्वेक्षण (२०६९), नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

राष्ट्रिय योजना आयेग (२०६८), त्रिवर्षिय योजना २०६७/६८ – २०६९/७० काठमाण्डौ : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

Maske, Bishwakesar, *"Small and medium enterprises, promotion through local capacity building,"* Kathmandu : Central for development governance, 1999

दुहागढी गा.वि.स. (२०७०), *गा.वि.स. प्रोफाइल,* झापा गा.वि.स. को कार्यालय, दुहागढी

जि.वि.स. झापा (२०७१), *जिल्ला पार्श्वचित्र, झापा,* जिल्ला विकास समितिको कार्यालय, चन्द्रगढी

<www.dcsi.gov.np>

# अनुसूची १
## उद्यमीका लागि प्रश्नावली

**१. परिचय**

उद्योगको नाम :

सञ्चालकको नाम :

ठेगाना :

शिक्षा :

**२. घरपरिवार विवरण**

| क.सं. | नाम | उमेर | लिङ्ग | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

३. तपाईंले उद्योग सञ्चालन गर्दा कति लगानी गर्नुभएको थियो ?

क. २ लाख सम्म
ख. २ लाख देखी ५ लाख सम्म
ग. ५ लाख देखी १० लाख सम्म
घ. १० लाख भन्दा माथि

४. तपाईको उद्योगमा कति जना श्रमिक कार्यरत छन्?

.........................जना ।

५. तपाईको उद्योगको वार्षिक उत्पादन कति छ ?

क. ३ लाख सम्म
ख. ३ देखी ५ लाख सम्म
ग. ५ देखी १० लाख सम्म
घ. १० लाख भन्दा बढी

६. तपाईले उत्पादन गर्नुभएको वस्तु कहाँ बेच्नु हुन्छ ?

क. स्थानिय बजार
ख. जिल्ला बाहिर
ग. ग्राहक उद्योगमै आउने
घ. गाँउ गाँउमा लगेर विक्रि गर्ने

७. तपाईको उद्योगको वार्षिक आय कति छ ?

क. ३ लाख सम्म
ख. ३ देखी ५ लाख सम्म
ग. ५ देखी १० लाख सम्म
घ. १० लाख भन्दा बढी

८. तपाईको उद्योगको वार्षिक खर्च कति छ ?

क. ३ लाख भन्दा कम ख. ३ देखी ५ लाख सम्म

ग. ५ देखी १० लाख सम्म घ. १० लाख भन्दा माथि

९. तपाईँको उद्योगबाट भएको आम्दानी मध्ये वार्षिक वचत कति छ ?

क. वचत नहुने ख. १ लाख सम्म

ग. १ देखी २ लाख सम्म घ. २ लाख देखी ३ लाख सम्म

ङ. ३ लाख भन्दा बढी

१०. तपाईको पारिवारिक वार्षिक आम्दानी कति छ ?

क. २ लाख सम्म ख. २ देखी ३ लाख सम्म

ग. ३ लाख देखी ५ लाख सम्म घ. ५ लाख भन्दा बढी

११. तपाइको बार्षिक पारिवारीक आम्दानी कुन कुन क्षेत्रबाट कति कति रहेको छ ?

क. उद्योग................................... ख. व्यापार .........................

ग. कृषी .................................... घ. नोकरी ...........................

ङ. ज्याला मजुदरी..............................

१२. तपाईको पारिवारिक वार्षिक खर्च कति छ ?

क. १ लाख ५० हजार सम्म ख. १ लाख ५० हजार देखी २ लाख सम्म

ग. २ लाख देखी ३ लाख सम्म घ. ३ लाख भन्दा बढी

१३. तपाईको बार्षिक पारिवारीक खर्च कुन कुन क्षेत्रमा मा कति कति छ ?

क. उपभोग ................................... ख. शिक्षा ..............................

ग. चाडपर्व ................................. घ. स्वास्थ्य ............................

ङ. अन्य .....................................

१४. तपाईको बार्षिक पारिवारीक बचत कति रहेको छ ?

क. बचत नहुने ख. १ लाख सम्म

ग. १ लाख देखी १ लाख ५० हजार सम्म घ. १ लाख ५०हजार देखी २ लाख सम्म

घ. २ लाख भन्दा माथि

१५. तपाईँले आफ्नो बालबालिकाहरुलाई कस्तो विद्यालयमा पढाउनु भएको छ ?

क. सरकारी ख. नीजि ग. सरकारी र निजी दुबैमा

१६. तपाईको उद्योग संचालनमा मुख्य समस्याहरु के के रहेका छन् ?

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

१७. तपाईको विचारमा ती समस्याहरु समाधानका उपायहरु के के हुन सक्छन् ?

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

# अनुसूची २

## उद्योगमा कार्यरत श्रमिकहरुका लागि प्रश्नावली

**१. परिचय**

उद्योगको नाम :

श्रमिकको नाम :

ठेगाना :

शिक्षा :

**२. घरपरिवार विवरण**

| क.सं. | नाम | उमेर | लिङ्ग | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

३. तपाईको आम्दानीका श्रोतहरु कुन कुन हुन् ?

क. उद्योग मात्र ख. उद्योग र ब्यापार ग. उद्योग र कृषि

घ. उद्योग र ज्याला/मजदुरी ङ. उद्योग र अन्य ...........................

४. तपाईको पारिवारिक वार्षिक आय कति छ ?

क. १ लाख देखी १ लाख ५० हजार सम्म ख. १ लाख ५० हजार देखी २ लाख सम्म

ग. २ लाख देखी ३ लाख सम्म घ. ३ लाख भन्दा माथि

५. तपाइको बार्षिक पारिवारीक आम्दानी कुन कुन क्षेत्रबाट कति कति रहेको छ ?

क. उद्योग.................................. ख. ब्यापार .........................

ग. कृषी ................................... घ. नोकरी ..........................

ङ. ज्याला मजुदरी.............................

६. तपाईको पारिवारिक वार्षिक खर्च कति छ ?

क. १ लाख देखी १ लाख ५० हजार सम्म   ख. १ लाख ५० हजार देखी २ लाख सम्म

ग. २ लाख देखी २ लाख ५० हजार सम्म   घ. २ लाख ५० हजार भन्दा माथि

७. तपाईको पारिवारिक वार्षिक खर्च के के मा कति कति हुन्छ ?

क. उपभोग ........................   ख. शिक्षा .........................

ग. चाडपर्व ........................   घ. स्वास्थ्य ........................

ङ. अन्य .............................

८. तपाई प्राप्त भएको पारिवारिक आय वार्षिक कति वचत गर्नुहुन्छ ?

क. बचत नै नहुने   ख. ५० हजार सम्म

ग. ५० हजार देखी १ लाख सम्म   घ. १ लाख देखी १ लाख ५० हजार सम्म

ङ. १ लाख ५० हजार भन्दा माथि

९. तपाईको छोराछोरी नीजि कि सरकारी स्कुलमा पढ्छन् ?

क.नीजि   ख. सरकारी   ग. नीजि र सरकारी दुवैमा

१०. तपाईले उद्योगमा काम गर्दा के कस्ता समस्याहरु अनुभव गर्नुभएको छ ?

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

११. तपाईको विचारमा यी समस्याहरु वा कठीनाइहरुको समाधानका उपायहरु के के हुन सक्छन् ?

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

१२. तपाई जस्तै लघु तथा घरेलु उद्योगमा काम गर्न चाहनेलाई के सल्लाह/सुझाव दिन चाहनु हुन्छ ?

क. ..........................................................................................

ख. ..........................................................................................

## अनुसूचि – ३

## अवलोकन फारम

उद्योगको भौतिक संरचनाको अवस्था :........................................

उद्योगको मेसिनको अवस्था :........................................

काम गर्ने औजारहरुको अवस्था :........................................

उत्पादित वस्तुको परिमाण :........................................

श्रमिकको काम गराइको अवस्था :........................................

श्रमिकहरुको काम गर्ने वातावरण :............................................

उद्योगमा सरसफाइको अवस्था :........................................

# अनुसूची – ४

## लक्षित समुह छलफलका लागि तयार गरिएका प्रश्नावलि

१. तपाईहरुको उद्योगबाट उत्पादित वस्तुहरु कहाँ लगेर विक्री वितरण गर्नु हुन्छ ?

२. तपाईहरुको उद्योगबाट उत्पादित वस्तुको बजार माग कस्तो रहेको छ ?

३. घरेलु तथा साना उद्योगमा संलग्न तपाईंहरुको वार्षिक आम्दानी कति रहेको छ ?

४. घरेलु तथा साना उद्योगमा संलग्न तपाईंहरुको बार्षिक खर्च कति रहेको छ ?

५. घरेलु तथा साना उद्योगमा संलग्न उद्यमी तथा श्रमिकहरुको बचत के कति रहेको छ ?

६. तपाईहरुले बालबालिकाहरु अध्ययनका लागी विद्यालय पठाउने गर्नु भएको छ कि छैन ?

७. तपाईहरुका बालबालिकाहरु कस्ता विद्यालयमा अध्ययनरत छन् ?

८. घरेलु तथा साना उद्योगमा संलग्न तपाईंहरुले के कस्ता समस्याहरु भोग्नु भएको छ ?

९. तपाईहरुले भोग्नु भएको समस्याहरुको समाधान गर्ने उपायहरु के के हुन सक्छन् ?

१०. घरेलु तथा साना उद्योगमा संलग्न हुन चाहनेहरुलाई के कस्ता सुझावहरु दिन चाहनुहुन्छ ?